**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratEEKdaily.com

**जनहितमा जारी सन्देश**

- वर्षात्को बेला छ, फोहर भयो भने विभिन्न रोग तथा हानिकारक जीवाणु, कीरा–फटयाङ्ग्राको प्रकोप बढ्छ ।
- आफ्नो घर–आँगन तथा नगर सफा राखौं । सरसफाइ सभ्यताको प्रतीक हो । दैनिक व्यायाम गरौं, स्वस्थ र नीरोग रहौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ०८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 23 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२१

## जनप्रतिनिधि हाम्रो पीडा बुझ्न आएनन्

प्रस, परवानीपुर, ७ साउन/

बस दुर्घटनामा परी बेपत्ता भएकी बाराकी स्वास्थ्यकर्मी सृष्टि यादवको परिवारले आफ्नो पीडा बुझ्न जनप्रतिनिधिहरू नआएको गुनासो गरेको छ ।

बारा, कलैया उपमहानगरपालिका–१४ जीतपुर बस्ने सृष्टिका बुबा जगदीशप्रसाद यादवले सो गुनासो गरेका हुन् । बारा जिल्लाका सांसद, प्रदेश सांसद एवं कलैया उमनपाका प्रमुख, वडाध्यक्षसमेत कोही पनि घरमा हालखबर सोध्न नआएको उनले गुनासो गरे । राहत सहयोगको कुरै छोडुनस्, कुनै जनप्रतिनिधि दुःखमा सहभागी हुन घरदैलोमा आएका छैनन्, उनको भनाइ थियो ।



सृष्टि यादवको परिवार । तस्वीरः प्रतीक

२५ वर्षीया सृष्टि पर्साको सखुवाप्रसौनी गाउँपालिका–५ महुवन स्वास्थ्य चौकीमा डेढ वर्षदेखि रेडियोग्राफर पदमा कार्यरत थिइन् । गत असार २८ गते शुक्रवार बिहान ३:३० बजे लेदोसहितको पहिरोले त्रिशूलीमा एन्जल र गणपति बस बगाएको थियो । वीरगंजबाट काठमाडौं गइरहेको एन्जल बसमा सृष्टि सवार थिइन् ।

जापानको सैनिक अस्पतालमा स्वास्थ्यकर्मीको रूपमा काम गर्नको लागि शनिवार २९ गते परीक्षा दिन काठमाडौं गइरहेका बेला सृष्टि दुर्घटनामा परेको परिवारले जनाएको छ ।

घटनाको १० दिनपछि साउन ६ गते बिहान ११ बजे उनको शव बरामद गरेर सनाखत गरेपछि साँझ ४ बजे दाहसंस्कार भएको थियो ।

यसभन्दा एक दिन अगाडि नै सृष्टिको कुशको शव बनाएर परिवारले अन्त्येष्टि गरेको थियो ।

## नालाको पानीले निकास नपाउँदा सास्ती

प्रस, परवानीपुर, ७ साउन /

पर्साको बहुदरमाई नगरपालिका–२ सिसियाडी उत्तरटोलमा नालामा पानीको निकास नभएर स्थानीयले सास्ती खेप्नुपरेको छ ।

दुई वर्ष पहिले निर्माण भएको नालाको कारण स्थानीय गाउँलेहरूले दुःख भोगिरहेका छन् । गणेश यादवको घरदेखि महेश यादवको घरसम्म करीब सय मिटर लामो नालाको निर्माण दुई वर्षअगाडि भएको थियो । तर उक्त नालामा पानीको निकास नहुँदा वर्षाको बेला सबै पानी ग्राभेल कच्ची सडकमै जम्ने भएकोले वर्षात्को मौसममा स्थानीयले सास्ती खेप्नुपरेको हो ।

वर्षाको पानी नालाको सतह र सडकको सतह पार गरेर गणेश यादव, शिवनारायण यादव, शिवपूजन यादव, हरिनारायण यादव र महेश यादवको घरमा पस्ने गरेको स्थानीयहरूले बताएका छन् । यस विषयमा वडाध्यक्ष जीतेन्द्र पटेलले केही बताउन चाहेनन् । स्थानीयले नालाको पानी निकासको लागि नगरपालिकासँग माग गरेका छन् ।



## कमिसन दिनेहरूको चेक वितरण

प्रस, रौतहट, ७ साउन/

कटहरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान र लेखापाल उमेश यादवले कमिसन दिनेहरूको चेक हिजो र आज वितरण गरेका छन् ।



प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान र लेखापाल उमेश यादव ।

प्रमुख प्रशासकीय अधिकृत प्रधान र लेखापाल यादवले नगरपालिकामा नौजना एजेन्ट राखी चेक वितरण गर्ने गरेको जनाइएको छ ।

कमिसन दिनेको चेक बोलाएर दिने गरेको छ भने कमिसन नदिनेको चेक आज पनि दिइएको छैन । नगरपालिकाका प्रमुख, उपप्रमुखलगायत केही कर्मचारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरी निलम्बन गरेको कारण प्रमुख प्रशासकीय अधिकृत प्रधान र लेखापाल यादव ले मनोमानी चेक काटेका थिए ।

काटिएका चेकको भुक्तानी आज साउन ७ गते अन्तिम म्याद रहेको थियो । कमिसन असुल्ने दाउमा चेक समयमा नदिएको कटहरिया नगरपालिका वडा नं ४ अध्यक्ष चन्दन कुशवाहाले बताए । कटहरिया नगरपालिकामा कार्यरत लेखापाल उमेश यादवको अनुहार आजसम्म नगरपालिकामा नदेखिएको वडाध्यक्ष कुशवाहाले बताए ।

विभिन्न शीर्षकको रकम रकमान्तर गरी प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान र लेखापाल उमेश यादवले अनियमितता गरेको उनले बताए ।

अग्रिम कमिसन दिनेको चेक लेखाफाँटमा कार्यरत करार कर्मचारी सञ्जीत साहले काट्ने गरेको थियो भने कमिसन असुल गर्न समेत माहिर रहेका साह मौलापुर नगरपालिकाबाट कमिसन लिएको आरोपमा हटाइएका थिए ।

## पानी उद्योगलाई कारबाई नगरेको आरोप

प्रस, वीरगंज, ७ साउन/

उपभोक्ता हित संरक्षण मञ्च नेपाल पर्साका अध्यक्ष सुनील श्रेष्ठले पिउने पानीको बोतलमा फोहर भेटिएको घटनाविरुद्ध खाद्य गुणस्तर तथा नियन्त्रण कार्यालय, पर्सा, वीरगंजमा दिएको उजूरी दर्ता गरिएको छैन ।

उनले दुई दिनअघि उपभोक्ताले खरीद गरेको याजत फूड नेपाल प्रालिको सिलबन्दी एक लिटर पिउनेपानीमा फोहर वस्तु देखिएको र सोविरुद्ध उजूरी गर्दा दर्ता नगरिएको अध्यक्ष श्रेष्ठले बताए । उनले कार्यालयले पानी खरीद गरेको पसलको बिल माग गरेको बताए ।

वीरगंजमा एक बोतल पिउने पानी खरीद गर्दा कुनै पनि पसलले बिल दिदैन । फोहर देखिएको बोतलमा कम्पनीको नाम, लोगो भएकोले सो कम्पनीविरुद्ध छानबीन गरेर कारबाई गर्नुपर्नेमा खाद्य गुणस्तर तथा नियन्त्रण कार्यालय, पर्सा, वीरगंजका प्रमुख सुरेश सिंहले ढिलासुस्ती गरेको उनले आरोप लगाएका छन् ।



यसो गर्नुको कारण उद्योगलाई जोगाउने काम भएको उनले आरोप लगाए । उनले वीरगंजमा रहेका पानी उद्योगहरूको अनुगमन गरेर त्यस्ता विकृति कारबाई गर्नुपर्ने माग गरे ।

## पूर्वराज्यमन्त्री राय मृतावस्थामा फेला

प्रस, सर्लाही, ७ साउन/

सर्लाहीको चन्द्रनगर गाउँपालिका रतनपुरका ८० वर्षीय रामचन्द्र राय मृतावस्थामा फेला परेका छन् । टाउकोमा धारिलो हतियार प्रयोग गरिएको अवस्थामा पूर्व भूमिसुधार राज्यमन्त्री रायको शव गएराति चन्द्रनगर–१ रतनपुरमा फेला परेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता दीपक श्रेष्ठले जानकारी दिए ।

उनले प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको बताए ।

"घटनास्थलको प्रकृति हेर्दा उनको हत्या भएको आशङ्का छ"–प्रहरी उपरीक्षक सिंहले भने–"लालगढबाट तालीमप्राप्त कुकुर मगाएर अनुसन्धान

(बाँकी अन्तिम पातामा)

## मेडिकल कलेज र ज्ञानदाबीच सहकार्यको सहमति

प्रस, परवानीपुर, ७ साउन /

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगंज र ज्ञानदा एकेडेमीबीच आगामी दिनमा सहकार्य गर्ने विषयमा सहमति भएको छ ।



दुवै संस्थाबीच शिक्षा, स्वास्थ्य र खेलकूद सम्बन्धमा एकापसबीच सहकार्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भएको हो । १३ बुँदे समझदारीपत्रमा मेडिकल कलेजका स्वास्थ्यकर्मी तथा कर्मचारीका छोराछोरीको लागि ज्ञानदाले सहकार्य गर्ने र ज्ञानदा एकेडेमीको परिवारको उपचार, स्वास्थ्यसम्बन्धी परामर्श, प्रशिक्षणबारे मेडिकल कलेजले सहकार्य गर्ने सहमति भएको हो ।

त्यसैगरी, दुवै संस्थाको सहकार्यमा खेलकूदको विकासमा योगदान गर्ने सहमति पनि भएको छ । समझदारीपत्रमा कलेजका एमडी शाहनवाज अन्सारी र एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले हस्ताक्षर गरेका छन् । दुवैबीच समझदारीपत्र आदानप्रदान भएको छ ।


## कर्मयोगी बद्रीविक्रम थापा सेवा पुरस्कार पत्रकार चन्द्रकिशोरलाई प्रदान गर्ने निर्णय

प्रस, वीरगंज, ७ साउन/

कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठीले यस वर्षको सेवा पुरस्कार–२०८१ पत्रकार चन्द्रकिशोरलाई प्रदान गर्ने निर्णय गरेको छ ।

विगत तीन दशकदेखि बद्रीविक्रम थापाको स्मृतिमा प्रत्येक वर्ष साउन ११ गते वार्षिकोत्सवको अवसरमा प्रदान गर्दै आएको सेवा पुरस्कार यस वर्ष पत्रकार चन्द्रकिशोरलाई प्रदान गर्ने निर्णय गरिएको गुठीका कोषाध्यक्ष किरण थापाले जानकारी गराएका छन् ।

पत्रकार चन्द्रकिशोरले नेपालका विभिन्न पत्रपत्रिकामा सान्दर्भिक समस्याहरूको उठान गरी विश्लेषणात्मक लेख लेख्दै आएकामा यस वर्षको सेवा पुरस्कार दिने निर्णय गरिएको जनाइएको छ । पुरस्कारको राशि दुई लाख २२ हजार २२२ रहेको र सो पुरस्कार साउन ११ गते शुक्रवार नेपाल प्रज्ञा प्रतिष्ठानको सभाहल, काठमाडौंमा प्रदान गरिने गुठीका कोषाध्यक्ष किरण थापाले जानकारी गराए ।



साथै उनले उक्त राशिको दोस्रो पुरस्कार डा सन्दक रुइतलाई पनि प्रदान गरिने जानकारी गराएका छन् ।

**हार्दिक शुभकामना**



माननीय जनार्दन सिंह क्षेत्री

एडभान्स मेडिकेयर हस्पिटल प्रालिका प्रबन्ध सञ्चालक माननीय **जनार्दन सिंह क्षेत्री**ज्यू मधेस प्रदेशको महत्वपूर्ण मन्त्रालय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्हाल्ने अवसर पाउनुभएकोमा उहाँलाई बधाई तथा सफल कार्यकालको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

**माननीय रमेश रिजाल**
पूर्वमन्त्री, नेपाल सरकार एवं सङ्घीय सांसद
(अध्यक्ष)

**डा मुकेशकुमार अग्रवाल**
(मेडिकल डाइरेक्टर)

सञ्चालकहरू:

**बाबुलाल अग्रवाल** — **वीरेन्द्रकुमार संघई**

**अधिवक्ता बालमकुन्द खरेल** — **सुमनकुमार क्याल**

**नरेन्द्रकुमार साह** — **क्षितिज खड्का**

**सम्पूर्ण चिकित्सक कर्मचारी एवं हस्पिटल परिवार**

**विचारसार र सुक्तिहरू**

**राजनीति नै यस्तो पेशा हो, जहाँ चोरी गर्न सकिन्छ, झूट बोल्न सकिन्छ, धोखा दिन सकिन्छ, फेरि पनि सम्मानित हुन पाइन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# ओझेलमा बिपी उद्यान

**वीरगंजको घण्टाघरस्थित १० बिघा जग्गा (बिपी उद्यान) तत्कालीन नेपाल यातायात संस्थानको स्वामित्वबाट महानगरपालिकाको स्वामित्व कायम भएको अढाई दशक हुन लागेको छ । तर बिपी उद्यान नामकरण गरिएको सो स्थान लामो समयसम्म खाली रह्यो र अहिले पनि उद्देश्यपरक निर्माणको थालनी हुन सकेको छैन । संस्थानबाट महानगरको स्वामित्वमा आएपछि उद्देश्यअनुरूप बिपी उद्यानको काम अगाडि बढेन । नबढ्नुका कारण अनेक होलान् । यो खाली जग्गामा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासको पहलमा अन्तर्राष्ट्रिय मापदण्डको १५ सय सिट क्षमताको वातानुकूलित सभाहल निर्माणको पहल भएको थियो । तर समय परिवेशले सो पहल गुरुयोजनामैं सीमित बन्यो । मधेस आन्दोलनपछि विकसित राजनीति घटनाक्रमले मधेसी पार्क नामकरण गरेर कब्जा गर्ने काम भएको थियो । यही विवादका कारण अन्तर्राष्ट्रिय सभाहल निर्माणको पहल स्थगित भयो । बिपी उद्यानबाहेक अन्य प्रयोजनमा सो जग्गा उपभोग गर्न नपाउने गरी संस्थानको नाममा रहेको सो जग्गा यातायात मन्त्रालयले तत्कालीन उपमहानगरको नाममा २०५९ सालमा रजिस्ट्रेसन पारित गरेकोले मधेसी शहीद पार्क बन्न सकेन । तर उद्यानको दक्षिणतर्फ मधेस आन्दोलनका क्रममा पर्साबाट शहीद भएकाहरूको सालिक राखिएको छ ।**

**यसो त बिपी उद्यानमा प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री लालबाबू राउत गद्दीले मधेसी पार्क निर्माणको लागि शिलान्यास पनि गरेका थिए । बिपी उद्यानको उद्देश्यविपरीत मुख्यमन्त्रीबाट मधेसी पार्कको शिलान्यास भएपछि महानगरपालिका र नेपाली काङ्ग्रेसले विरोध गरेका थिए । करीब २२ वर्षको अवधिमा सङ्घ सरकारको पहलमा बिपी उद्यानको जग्गामा उद्देश्यअनुरूप उद्यान निर्माणका लागि एक अर्ब बजेट विनियोजन भएको थियो । तर अदालतमा यसविरुद्ध एकजनाले आफ्नो भोगको जग्गा भएको भनी दिएको रिटमा सुनवाइ लम्बिंदा योजनाको रकम फिर्ता भयो र केवल पर्खाल, फूटपाथ मात्र निर्माण हुन सक्यो, त्यो पनि चार करोड खर्चमा । बिपी उद्यानको खाली जग्गामा विभिन्न खुद्रापसल, हाटबजार अनि गरीब, दलित, विपन्न मुसहर, डोम जातिले अस्थायी घर बनाएर अतिक्रमण गरेका थिए । सवारीसाधनहरूको अघोषित पार्किङस्थल पनि त्यहीं थियो । बिपी उद्यान अहिलेसम्म किन बनेन, नबन्नुका कारण के हो भन्ने विषयमा कसैले कहिले चासो देखाएनन् ।**

**जबकि यो जग्गा तत्कालीन नगरपालिकाको नाममा गराउनका लागि पूर्वनगरप्रमुख माधवलाल श्रेष्ठले एकदमै इमानदारिता देखाएका थिए र सम्भवतः उनको एकल अडानमा वीरगंजको मुटुमा रहेको १० बिघा जग्गा नपाको नाममा आएको हो । २२ वर्षको अवधिमा नेपाली काङ्ग्रेसको नेतृत्वमा धेरैपटक सरकार बन्यो र अहिले पनि एमालेसँगको सहकार्यमा नेका सरकारमा छ । आफ्नो सरकारको पालामा उद्यान बनाउन नसक्नु नेकाको कमजोरी देखिन्छ । अहिले पनि यो उद्यान उद्देश्यपरक बनाउनका लागि तीनै तहको सरकारमा नेकाको प्रतिनिधित्व रहेकोले सहज छ । तर यसका लागि भने इमानदार पहल कुनै पनि काङ्ग्रेस नेताहरूले गर्न सकेका छैनन् । सङ्घ, प्रदेशमा मन्त्रीहरू छन् भने महानगरमा पनि उपप्रमुख र वडाध्यक्षहरू छन । यस्तो अनुकूल समय यसअघि पनि थियो । तर बिपी उद्यानको हकमा भने कसैले केही गर्न सकेका छैनन्, जसले गर्दा अहिलेसम्म नाममा सीमित भएको छ, बिपी उद्यान ।**

# विलक्षण प्रतिभाका धनी : विपी कोइराला

स्वतन्त्र विचार




**राजेन्द्रप्रसाद कोइराला** Phd
rajendrakoirala20@gmail.com


**राजा, राष्ट्रपति र प्रधानमन्त्रीको प्रसङ्गमा उनी राजाको महत्त्व राष्ट्रको सार्वभौमिकताको लागि कति जरुरी छ भन्ने यस भनाइबाट प्रस्ट पार्छन्–"जसरी स्वीडेनमा समाजवाद र राजतन्त्रसँगै चलिरहेको छ, त्यसैगरी हाम्रोमा पनि अघि बढ्न सक्छ ।**

"मानव मनभित्र एउटा यस्तो गुण हुन्छ, जसले उचित–अनुचित जुनसुकै कारणले भए पनि कसैले भोग्नुपरेको दुःखप्रति प्रायःजसो उदासीन रहँदैन– बी.पी. कोइराला

विपी क्यान्सरबाट ग्रसित भएको अवस्थामा गणेशराज शर्माले उनीसँग गरेका कुराकानी र वार्तालापमा आधारित रही उनले सङ्कलन गरेको पुस्तक 'राजा, राष्ट्रियता र राजनीति' मा उनी कति दूरदर्शी थिए भन्ने कुरा कल्पना पनि गर्न सकिन्न ।

विपी कोइरालाले सालाखाला ४० वर्ष सक्रिय राजनीति गरे । २०३३ सालदेखि २०३७ सालसम्म राष्ट्रिय मेलमिलापको नीति लिएर देश फर्केपछि । उनले विभिन्न संवाद र वार्तालापमार्फत व्यक्त गरेका उद्धरणलाई विभिन्न किसिमले व्याख्या र विश्लेषण गरी अहिलेको पुस्तालाई बुझाउनु अत्यन्त जरुरी छ ।

त्यस बेलाको विश्व राजनीति दुई धारमा बाँडिएको थियो : साम्यवाद (युएसएसआर) र पूँजीवाद (युएसए) । नेपालका दुई छिमेकी मुलुकको अवस्था पनि दयनीय नै थियो । त्यस्तो अवस्थामा देशको सर्वभौम सत्ता जोगाउन विपीले लिएको साहसिक राजनीतिक निर्णय अभूतपूर्व र अविश्वसनीय लाग्छ । त्यो समय जुन बेला हिन्दुस्तानले सिक्किमलाई विलय गरिसकेको थियो । उनको अटुट विश्वास थियो कि राजतन्त्रलाई अनादर गरियो भने देशको अस्तित्व रहने छैन । उनको त्यो निर्णयले गर्दा नै आज हामी नेपाली भएर शिर ठाडो पार्न सकेका छौं । त्यो बेलाको विश्व परिदृश्य दुई सैद्धान्तिक विचारधारामा बाँडिएको त थियो नै, भारतमा इन्दिरा गाँधीको सबै छिमेकीलाई आफ्नो वर्चस्वमा राख्ने अभीष्ट थियो ।

देशको वस्तुस्थितिबारे उनले गरेको व्याख्या–"म रहुन्जेल मेरा साथीहरूलाई अनावश्यक निर्धक्कता छ कि विपी छँदैछ नि ! त्यसले गर्दा साथीहरूले जति जिम्मेवारी लिनुपर्ने हो, लिन नसकेकोले गर्दा जनतामा चेतना जगाउन ढिला भइरहेको छ ।" उनी राष्ट्रियताको सवालमा राजासँग मेरो घाँटी जोडिएको छ भन्छन् । राष्ट्रिय एकतालाई बाँध्न सक्ने तत्त्व नै राजा, राष्ट्रियता र प्रजातन्त्र हो । यस नीतिमा हामी अड्न सक्यो भने हाम्रो एकतालाई कसैले पनि टुटाउन र फुटाउन सक्दैन । राजनीतिको पहिलो शर्त नै स्वतन्त्रता हो । देशमा विभिन्न राजनीतिक दलबीच स्वस्थ प्रतिस्पर्धा होस्, आआफ्ना विचार र सिद्धान्त लिएर उनीहरू जनतामा जाऊन् र जनताले जसलाई विजय गराउँछ, त्यही दलले शासन गरोस् । त्यो पो प्रजातन्त्र हो । त्यो बेलाको समयमा पनि विपीको समावेशी विचार व्यवहारमा एकरूपता देखिन्छ । त्यसको उदाहरण १७ महीना उनले नेतृत्व गरेको मन्त्रिमण्डलको नामकरण हेर्दा स्पष्ट हुन्छ ।

उनी जमीनको उत्पादनको विषयमा यस्तो विचार राख्छन्–"जमीन जसले जोत्छ, उसैको हुनुपर्ने हो तर यो काम त्यति सजिलो छैन अहिलेको अवस्थामा । यो कुनै नीति र योजना र दूरदर्शी सोचविना हचुवाको भरमा गरिने काम होइन । जे जस्तो भए पनि जमीनको उत्पादन जसरी पनि बढाउनु नै राज्यको लामो समयको योजना हुनुपर्छ ।" उनी भन्छन् यदि उनलाई अधिकार प्राप्त भए जमीनको उत्पादन बढाउन कुलोनालाको व्यवस्थापन, र खादमलको व्यवस्था हुनु जरुरी हुन्छ । घना जङ्गल र नदीनालाहरू हाम्रो देशका ठूला सम्पत्ति हुन् । यसको विकास गर्न सके देशको कायापलट नै हुन सक्छ । त्यसबेला नै उनका यस्ता सपना थिए । उनी भन्छन्–"उद्योगधन्दाका लागि चाहिने खनिज पदार्थहरूको खोज हाम्रो देशमा भएको छैन । यसबारे हामी अहिले सोच्न सक्दैनौं । हामो स्रोत नै जल, जमीन, जङ्गल र जनश्रम (कम्युनिस्टहरूले विपीको यो वाणी सापट लिएका हुन्) हो । विकासका योजनाहरू बनाउँदा यी चार तत्त्वलाई हामीले ध्यान राख्नु जरुरी छ । उनले त्यति बेलै सूर्य र पानीबाट ऊर्जाको विकास गर्न सकिने कुरा उल्लेख गरेका छन् । उनी आफ्नो विचार राख्दै अगाडि भन्छन्–"युरोप र अमेरिकाको टेक्नोलोजीले हामीलाई फाइदा हुन सक्दैन, यसको अन्धाधुन्ध आयातले देशको ठूलो रकम बाहिर जान्छ र यसले देशलाई टाट पल्टाउँछ । त्यसैले हामीले आफ्नो देश अनुसारको खोज र अनुसन्धान गरी देश सुहाउँदो प्रविधि विकसित गर्न सक्नुपर्छ । यसबाट प्रस्ट हुन्छ कि अनुसन्धान र विकासको लागि उनको चिन्तन, त्यो बेलाको समयमा, कति अविश्वसनीय लाग्छ । गाँस, वास, कपास, शिक्षा र स्वास्थ्य प्रारम्भिक आवश्यकता हुन्"– उनी थप्छन्–"यी कुराहरू हाम्रै मुलुकमा प्राप्त साधनहरूको आधारमा पूरा हुनु जरुरी छ ।"

त्यसबेला कम्युनिज्मको वर्चस्वले पूर्वी युरोपलाई ढाकिसकेको थियो । फ्रान्स जस्तो देश पनि यसको प्रभावबाट अछूतो रहन सकेको थिएन जसको उपस्थिति फ्रान्सको संसद्मा पनि थियो । नेपालका त्यस बेलाका कम्युनिस्टबारे (उनीहरू रूसको कम्युनिस्टबाट प्रभावित भएको अवस्था थियो) विपी भन्छन्–"यहाँका कम्युनिस्टहरूसँग मेरो मतभेद दुई तीन कुरामा मात्र छ : उनीहरू रूसबाट सञ्चालित नहोऊन् र बहुदलीय व्यवस्थामा विश्वास राखून् ।" यही विचारबाट प्रभावित भएर मदन भण्डारीले जबजको सिद्धान्त परिमार्जित गरेका हुन् । मदन भण्डारीले पनि विपी को विचारलाई आत्मसात् गर्दै आफ्नो जबज सिद्धान्त प्रतिपादन गरेका हुन् भन्दा कुनै अन्याय हुन्छ जस्तो मलाई लाग्दैन ।

विपी फेरि भन्छन्–"यी दुई कुरा उनीहरूले माने अरू मतभेद त्यति ठूलो होइन । त्यो बिस्तारै हट्दै जान्छ । त्यस्तो उच्च सोच राख्दै उनी अगाडि भन्छन्–"यिनीहरू अरू दलको स्वतन्त्रता स्वीकार गरी सरकारमा आए, मेरो धेरै ठूलो मतभेद रहने छैन ।"

राजा, राष्ट्रपति र प्रधानमन्त्रीको प्रसङ्गमा उनी राजाको महत्त्व राष्ट्रको सार्वभौमिकताको लागि कति जरुरी छ भन्ने यस भनाइबाट प्रस्ट पार्छन्–"जसरी स्वीडेनमा समाजवाद र राजतन्त्रसँगै चलिरहेको छ, त्यसैगरी हाम्रोमा पनि अघि बढ्न सक्छ । राजा असल भए भने चुनावबाट आएको सरकारलाई सजिलो हुन्छ । चुनिएर आएको राष्ट्रपति र प्रधानमन्त्रीबीच शक्ति सङ्घर्ष हुन सक्छ र यसले मुलुकलाई कमजोर बनाउने कुरामा दुई मत रहँदैन । फ्रान्समा त्यस बेला राष्ट्रपति र प्रधानमन्त्रीबीचको सङ्घर्षले यस प्रसङ्गमा विपीलाई झस्क्याएको प्रस्ट देखिन्छ साथै भारतमा पनि डाक्टर राजेन्द्रप्रसाद, त्यस बेलाका राष्ट्रपति र प्रधानमन्त्री जवाहारलाल नेहरूबीचको सङ्घर्ष सतहमैं देखिएको थियो । यसैबाट हामी अनुमान गर्न सक्छौं कि कसैको सोचमा नभएको कुरा कसरी उनी सोच्दथे । त्यसैले त उनलाई उनका विरोधीहरूले नै वहाँको मृत्युपछि, महामानवको उपमा दिएका हुन् ।

अधिनायकवादबाट सशङ्कित हुँदै उनी भन्छन्–"हिटलर पनि चुनावबाटै आएका हुन्, त्यसकारण हामीले त्यो स्थिति हाम्रो देशमा नआओस् भनेर कम्युनिस्टहरूलाई एउटा सीमित दायरामा राख्न सक्नुपर्छ र काङ्ग्रेसले राजाको अस्तित्वलाई सधैं स्वीकार गर्दै अघि बढेन भने काङ्ग्रेसको अस्तित्व सकिने छ । अहिलेको प्रसङ्ग हेर्दा शेरबहादुरले माओवादी–कङ्ग्रेस बनाइसके । २०६२–६३ को जनान्दोलन पछि गिरिजाले माओवादीहरूलाई स्पेस दिएदेखि नै काङ्ग्रेस खिइँदै गएको अवस्था छ । झन् अहिलेको स्थानीय चुनावको गठबन्धनले त काङ्ग्रेसलाई रसातलमैं पुऱ्याउँछ जस्तो छ ।

सम्पूर्ण राजनीतिक दल तथा नेपाली काङ्ग्रेसका डाक्टर शेखर कोइराला, डाक्टर मीनेन्द्र रिजालजस्ता विद्वत्वर्गले विपी अध्ययन केन्द्रलाई विराटनगरको साथै सातै प्रदेशमा स्थापना गरी विपीको आदर्शलाई आजका युवामाझ र आउँदो पुस्तालाई दीक्षित गर्दै अगाडि बढ्न सके अबको २० वर्ष पछिको पीढी कति सभ्य, शालीन, दूरदर्शी र कति इमानदार साथै सिद्धान्तनिष्ठ हुने थियो होला ।

विपीले करीब ४० वर्ष सक्रिय राजनीति गरे । त्यसमध्ये वि.सं. २०३३ सालदेखि २०३७ सालसम्मको अवधिलाई लिएर विपीका समर्थक वा विरोधी कसैको पनि एउटै दृष्टिकोण पाइँदैन । समय बित्दै गएपछि महापुरुषहरूलाई हेर्ने दृष्टिकोणमा भिन्नता बढ्दै जानु प्राकृतिक नियम हो । भगवान्को अवतार मानिएका राम, कृष्ण, जिसस क्राइस्ट, पैगम्बर मोहम्मद लगायतका विषयमा त भक्तजनको एउटै दृष्टिकोण पाइँदैन । भक्तजन आफैं लडाइँ गरिरहेका छन् ।

अन्त्यमा विपीकै उद्धरणबाट आलेखलाई विराम दिन चाहें– "जीवन एउटा कहिल्यै नसकिने र समाप्त नहुने वसन्त हो ।"

# नौ घटनाः प्रहरीद्वारा सफल अनुसन्धान

नारायण ढुङ्गाना
काठमाडौं, ७ साउन/रासस

मुलुकमा पछिल्लो समय आपराधिक क्रियाकलाप बढिरहेका छन् । प्रहरीको तथ्याङ्क अनुसार प्रविधिको विकाससँगै आपराधिक क्रियाकलाप बढिरहेका छन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले पछिल्लो समय साइबर तथा बैंकिङ अपराधहरू बढ्दो क्रममा रहेका जानकारी दिए । परम्परागतरूपमा हुने अपराध पनि भइरहेका देखिन्छन् ।

प्रहरीको तथ्याङ्कमा गत आर्थिक वर्षमा ५९ हजार बढी अपराधका घटना भएका छन् । आर्थिक वर्ष २०७९/८० मा ५६ हजार अपराधका घटना दर्ता भएका थिए । अपराध बढेसँगै चुनौती पनि बढेको नेपाल प्रहरीले जनाएको छ ।

प्रहरी नायब महानिरीक्षक कार्कीले साइबर तथा बैंकिङ अपराध बढेसँगै प्रहरीले आफ्नो अनुसन्धान पद्धतिलाई पनि विकास गरिरहेको बताए । कतिपय अनुसन्धानमा सफलता नपाए पनि धेरै अनुसन्धान सफल भएको उनको दाबी छ ।

"निर्मला पन्तको बलात्कारपछि हत्यालगायत घटनाका अनुसन्धानमा प्रहरीले निरन्तर खोजी गरे पनि सफलता पाएका छैनौं, तर त्यस्तै प्रकृतिका र अन्य ठूला अपराधमा भने सफलता पाइरहेका छौं," उनले भने ।

गएको एक वर्षमा प्रहरीले केही ठूला आपराधिक घटनाको अनुसन्धानमा सफलता प्राप्त गरेको छ । यी नौ घटना, जसमा प्रहरीले सफलता प्राप्त गरेको छ ।

**तीनकुने सामूहिक हत्या प्रकरण**

विसं २०८० भदौ २९ गते तीनकुने सामूहिक हत्या प्रकरण भएको थियो । काठमाडौंको तीनकुनेस्थित दिव्य समिलमा रातिको समयमा धारिलो हतियार प्रहार गरी चारजनाको हत्या भएको घटनाको प्रहरीले छोटो समयमा नै सफल अनुसन्धान गरेको थियो ।

दोलखा कालिन्चोक गाउँपालिका–८ घर भई सोही समिलमा काम गर्ने कुमार भुजेल भन्ने पूर्णबहादुर भुजेल, उनकी पत्नी अम्बिका भुजेल, पूर्णबहादुर भुजेलकी आमा सुभद्रा भुजेल र सोही मिलमा बस्ने नवीन भन्ने विशाल राईको हत्या भएको थियो ।

अनुसन्धानका क्रममा उक्त घटना सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका–९ घर भई हाल काठमाडौंको काँडाघारी बस्ने २३ वर्षीय सञ्जय भण्डारीले गराएको खुल्यो । मोटरसाइकलले ठक्कर दिएको र त्यस विषयमा उत्पन्न विवादको रिसइबीले घटना भएको पाइएको प्रहरीले जनाएको छ ।

सञ्जय भण्डारीले मोटरसाइकल ठोक्किएको विवादमा मोरङका विशाल राईको हत्या गरेको र उक्त घटना देखेपछि घटना बाहिर जाने डरले अरूको पनि हत्या गरेको स्वीकारेका प्रहरीको अनुसन्धान टोलीद्वारा अनुसन्धानका क्रममा सार्वजनिक गरिएको प्रहरी नायब महानिरीक्षक कार्कीले जानकारी दिए ।

**किशोरी हत्या गरी शिवपुरी जङ्गलमा गाडेको**

घटना विसं २०८० माघ २२ गतेको हो । उक्त दिन अन्दाजी ५ बजेको समयमा तारेभीरस्थितमा सुषमा लामाको शव गाडेको अवस्थामा भेटियो ।

उक्त घटनाको अनुसन्धानमा प्रहरी टोली खटियो । अनुसन्धानका क्रममा उनलाई आफ्नै प्रेमीले प्रेम प्रस्ताव अस्वीकार गर्दा पूर्वयोजना अनुसार नै हत्या गरेर खाल्डो खनी गाडेको खुल्यो ।

प्रहरी प्रवक्ता कार्कीले प्रतिवादी रूपेन्द्र लामाले मन पराइ प्रेम प्रस्ताव राख्दा अस्वीकार गरेकाले उनले पूर्वयोजना बनाय हत्या गरेर घरनजीकै शिवपुरी राष्ट्रिय निकुञ्जमा लगी खाल्टो खनी गाडेको पत्ता लागेको जानकारी दिए । निजलाई पक्राउ गर्न प्रहरी सफल भएको छ ।

**महोत्तरी बैंक लुटपाट**

विसं २०८० जेठ १६ गते अन्दाजी १२:२५ बजेको समयमा महोत्तरीमा रहेको एनएमबी बैंकमा अपरिचित नकाबधारी चार/पाँच जनाको हतियारधारी समूहले बैंक लुटपाट गऱ्यो । उनीहरू बैंकमा प्रवेश गरी बैंकका कर्मचारी तथा सेवाग्राहीसमेतलाई पेस्तोल देखाई बैंकबाट तत्काल रु १५ लाखभन्दा बढी लुटेर लगे । उनीहरूले बैंकका कर्मचारीको मोबाइलसमेत लुटी डाँका गरी नम्बर नखुलेका दुईवटा मोटरसाइकलमा चढेर भागेका थिए ।

घटनाको अनुसन्धानका क्रममा उक्त घटनामा भारतीय नागरिक अजय कुमार, धनुषा मुजर्निया मुखियापट्टी–२ बस्ने वर्ष २२ को अनर्जित राम र अर्का

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# आयात घट्दा वीरगंजको आन्तरिक राजस्व खस्कियो

वीरगंज (पर्सा), ७ साउन/रासस

आन्तरिक राजस्व कार्यालय वीरगंजले गत आर्थिक वर्ष २०८०/८१ मा रु छ अर्ब ८६ करोड ८६ लाख ७८ हजार राजस्व सङ्कलन गरेको छ। गत आवमा अन्तःशुल्क र आयात घटेसँगै राजस्व सङ्कलनमा प्रत्यक्ष असर देखा परेको छ।

कार्यालयले आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा रु २७ करोड १५ लाख कम राजस्व सङ्कलन गरेको छ। आन्तरिक राजस्व कार्यालय, वीरगंजका प्रमुख कर अधिकृत ढाकाराम तिवारीले कार्यालयले गत आवभरिमा सबै शीर्षकमा रु छ अर्ब ८६ करोड ८६ लाख ७८ हजार राजस्व सङ्कलन गरेको बताए।

"गत आवको वर्षभरिमा मूल्य अभिवृद्धि कर र आयकर सङ्कलन उत्साहजनक देखिएको छ," उनले भने, "गत आवमा अन्तःशुल्क करबापतको राजस्व असुलीमा धेरै गिरावट आएको छ। यसले समग्र राजस्व सङ्कलनमा असर पारेको छ।" आन्तरिक राजस्व विभागले गत आवमा कार्यालयका लागि रु नौ अर्ब ४१ करोड ९७ लाख ९३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। कार्यालयले गत आवमा आयकरतर्फ रु दुई अर्ब २६ करोड ७५ लाख ५४ हजार सङ्कलन गरेको छ।



तस्वीरः फाइल

मूल्य अभिवृद्धिकरतर्फ रु दुई अर्ब २० करोड २५ लाख चार हजार सङ्कलन गरेको छ। सोही अवधिमा अन्तःशुल्कतर्फ रु चार अर्ब २० करोड २५ लाख ३६ हजार सङ्कलन गर्ने लक्ष्य राखिएको थियो। तर गत आवमा हिमालयन डिष्टिलरीको उत्पादन घटेसँगै अन्तःशुल्कबापतको रकम प्रत्यक्ष प्रभावित भएको देखिन्छ। कार्यालयले अन्तःशुल्कबापत रु दुई अर्ब ३९ करोड ८६ लाख २० हजार सङ्कलन गरेको छ।

प्रमुख कर अधिकृत तिवारीले राजस्व सङ्कलन बढाउन नियमितरूपमा बजार अनुगमन र कर सचेतनालगायत कार्यक्रम अघि बढाउँदै आइरहेको बताए। आन्तरिक राजस्व विभागले आव २०७९/८० मा कार्यालयलाई रु १० अर्ब ६२ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेकामा सो अवधिमा भने रु सात अर्ब १४ करोड सङ्कलन गरेको थियो। कार्यालयले विशेषगरी आयकर, भाडाकर, ब्याजकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र स्वास्थ्य कर असुली गर्ने गर्छ।

# इँटा उद्योगमा नयाँ र उच्चतम प्रविधिको प्रयोगमा जोड

पाटन (ललितपुर), ७ साउन/रासस

वायु प्रदूषण नेपालमा प्रमुख समस्या हो। काठमाडौं उपत्यकामा वायु प्रदूषणका लागि इँटा उद्योगहरू प्रमुख स्रोत बनिरहेका छन्। इँटा पोल्ने क्रममा भट्टाको चिम्नीबाट निस्कने कालो धूवाँ अत्यन्तै हानिकारक हुन्छ। काठमाडौं उपत्यकाको वायु प्रदूषणको मुख्य कारण भनेको सवारीसाधन र यहाँ सञ्चालित इँटा उद्योगहरू हुन्।

नेपाल इँटा उद्योग महासङ्घका अध्यक्ष शङ्करबहादुर चन्दका अनुसार उपत्यकाभित्रका करीब १०५ वटा इँटाभट्टाले वार्षिक ६६ करोड इँटा उत्पादन गर्छन्। वातावरण विभागले सन् २०१७ मा सार्वजनिक गरेको तथ्याङ्क अनुसार यी इँटा उद्योगले विदेशबाट आयातीत करीब ५६ हजार एक सय टन कोइला वार्षिकरूपमा खपत गर्छन्। इँटा पोल्ने क्रममा चिम्नीबाट निस्कने धूवाँसँगै कालो कार्बन, कर्ण पदार्थ, सल्फर डाइअक्साइड, कार्बन डाइअक्साइड, कार्बन मोनोअक्साइड र नाइट्रोजन अक्साइड उत्सर्जन हुन्छन्। यसको प्रमुख कारणहरूमध्ये कोइलाको जलन पनि एक रहेको बताउँछन्, मिनर्जी नेपालका 'टीम लिडर' सुयस प्रजापति।

मिनर्जीले नेपालमा सञ्चालित इँटा उद्योगहरूलाई ऊर्जा उपयोगी, वातावरणमैत्री, लागत प्रभावी र सामाजिकरूपमा जिम्मेवार प्रविधिका बारेमा परामर्श, ज्ञान, सीप र क्षमताको विकासमा सहयोग गर्दै आइरहेको छ। "पछिल्लो केही वर्षदेखि मिनर्जी नेपालले वायु प्रदूषण न्यूनीकरणका साथै ऊर्जा खपतलाई घटाउने सफा र प्रविधिमैत्री उपायहरू अवलम्बन गर्न उत्प्रेरित गर्दै आएको छ। उनी भन्छन्, "कोइलालाई


तस्वीरः फाइल

बाह्य इन्धनका रूपमा प्रयोग गर्नुको सट्टा इँटा चलाउनका लागि केही प्रतिशत आन्तरिक इन्धनका रूपमा प्रयोग गर्नाले यसलाई वातावरणमैत्री र ऊर्जा दक्ष बनाउन सकिन्छ।"

वायु प्रदूषण र कोइला खपत कम गर्न इँटा उद्योगमा नयाँ र उच्चतम समाधानका सन्दर्भमा ऊर्जा किफायती र वातावरणमैत्री उत्पादनका लागि नेपालभरिका इँटा व्यवसायीहरू एकजुट भएर प्रविधिको उपयोग र लागत कम गर्न केन्द्रित हुनुपर्ने धारणा राख्छन्, वातावरण विभागका उपमहानिर्देशक शैलेन्द्रकुमार झा। ऊर्जा लागत घटाउँदै सफा, प्रविधिमैत्री उत्पादनका लागि उद्योगीहरूलाई प्रोत्साहन गर्न ज्ञान, सीप, क्षमता र प्रविधिहरूको जानकारी दिनुपर्नेमा उनको जोड थियो। "ऊर्जा किफायती र वातावरणमैत्री उत्पादनमा लैजाने कुरा अत्यन्तै प्रशंसनीय छ, मिनर्जीले थालेको प्रयासलाई वातावरण संरक्षण ऐनले पनि स्वीकार्न सक्ने अवस्था छ, ऐनमा टेकेर मापदण्ड, कार्यविधि बनाउन सकिन्छ," उपमहानिर्देशक झा भन्छन्।

नेपाल इँटा उद्योग महासङ्घका अध्यक्ष शङ्करबहादुर चन्द इँटा उद्योगीहरूले चाहेर मात्रै पनि प्रविधिमा तत्कालै जान सक्ने अवस्था नरहेकाले सरकारले पनि सहयोग गर्नुपर्ने बताए। "प्रदूषण कम गर्ने प्रविधिबाट इँटा उत्पादन गर्न व्यवसायीहरू तयार भएपनि एकैपटक ठूलो लगानी गर्नुपर्ने अवस्थाले व्यवसायीहरूलाई प्रविधिमैत्री, ऊर्जा किफायती तथा लागत कम हुने उत्पादनमा सरकारले सहयोग गर्नुपर्छ," उनी भन्छन्। नेपालका ३२/३३ जिल्लामा इँटा उत्पादन हुन्छ, ७७ वटै जिल्लामा खपत हुन्छ।

(बाँकी पाँचौं पातामा)

# वीरगंजका भन्सारले लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन

वीरगंज (पर्सा), ७ साउन/रासस

मुलुकको राजस्वमा सबैभन्दा बढी योगदान पुऱ्याउने वीरगंजस्थित वीरगंज भन्सार कार्यालय र सुक्खा बन्दरगाह भन्सार कार्यालय गत आर्थिक वर्षमा लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्न असफल भएका छन्।

वीरगंज भन्सार कार्यालयले गत आवमा रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको थियो। सो अवधिमा कार्यालयले लक्ष्यको ६४.१ प्रतिशत अर्थात् रु एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार मात्रै राजस्व सङ्कलन गरेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए।

वीरगंज भन्सार कार्यालयका साथै यहाँस्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयले पनि गत आवमा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सकेन। भन्सार विभागले गत आवमा सुक्खा बन्दरगाहलाई रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार रकम राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो।

कार्यालयले वार्षिक लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत अर्थात् रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार रकम राजस्व सङ्कलन गरेको छ। उक्त कार्यालयले आव २०७९/८० को तुलनामा रु चार अर्ब ९० करोड ७८ लाख ९७ हजार बढी राजस्व सङ्कलन गरेको छ।

दुवै भन्सार कार्यालयले गत आवको १२ महीनामध्ये कुनै पनि महीनामा लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्न नसकेको प्रमुख भन्सार प्रशासक पन्थीले बताए। "मुलुकको राजस्व प्रणाली आयातमुखी अर्थतन्त्रमा अडिएको छ। गत आवमा आयात वस्तु तथा सामानको कमी भएसँगै राजस्व सङ्कलनमा पनि कमी आएको हो," उनले भने, "अघिल्लो वर्षभन्दा गत आवमा १४ प्रतिशतले व्यापार घटेको छ। भन्सार कार्यालयको अन्य सूचक राम्रो हुँदाहुँदै आयात घटेपछि लक्ष्य अनुसारको राजस्व सङ्कलन हुन नसकेको हो।"

प्रमुख भन्सार प्रशासक पन्थीले आव २०७९/८० को तुलनामा गत आवमा औद्योगिक क्षेत्रमा प्रयोग हुने कच्चा पदार्थको आयात घटेकाले त्यसले राजस्व सङ्कलनमा प्रत्यक्ष प्रभाव पारेको बताए। "गत आवमा विशेषगरी सवारीसाधन र कोइलाको आयात घटेका छन्," उनले भने।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले सङ्घीय सरकारको नीतिका कारण लक्ष्य अनुसार राजस्व भेट्टाउन नसकिएको दाबी गरे। एकाधिकार ढङ्गको भन्सार मूल्याङ्कन पुस्तिका खारेज नभएकाले पनि लक्ष्य अनुसार राजस्व सङ्कलन नभएको उनले बताए।

"मुलुकका विभिन्न भूभागमा उद्योग, व्यवसाय सञ्चालित छन्। औद्योगिक कच्चा पदार्थ विदेशी मुलुकबाट आयात गर्नुपर्ने बाध्यता छ," अग्रवालले भने, "आयात गर्दा तयारी वस्तु र औद्योगिक कच्चा पदार्थमा दुई तहको भन्सार शुल्क तोक्नुपर्ने हुन्छ। त्यसो नहुँदा व्यवसायीले कच्चा पदार्थ आयात गर्न सकिरहेका छैनन्। यसको प्रत्यक्ष असर राजस्व सङ्कलनमा देखिएको हो।"

**सवारीसाधनको आयात घट्यो**

वीरगंज भन्सार कार्यालय हुँदै आव २०७९/८० मा ७१ जीप, कार र भ्यान आयात हुँदा रु २६ करोड २९ लाख १९ हजार राजस्व सङ्कलन भएको थियो। गत आवमा ५९ वटा मात्रै जीप, कार र भ्यान आयात हुँदा कार्यालयले रु १९ करोड ४० लाख १४ हजार मात्रै राजस्व सङ्कलन भएको जनाएको छ।

अघिल्लो आवको तुलनामा गत आवमा सवारीसाधन आयातमा मात्रै २६ प्रतिशत राजस्व घटेको देखिन्छ। वीरगंज भन्सार हुँदै आव २०७९/८० मा चार करोड ८० लाख ४४ हजार ५६० किलो कोइला तथा कोइलाजन्य वस्तु आयात हुँदा कार्यालयले रु १७ करोड सात लाख ९८ हजार राजस्व प्राप्त गरेको थियो।

गत आवमा एक करोड एक लाख ७७ हजार ९८५ किलो कोइला आयात हुँदा कार्यालयले रु दुई करोड ८९ लाख ५० हजार राजस्व प्राप्त गरेको प्रमुख भन्सार प्रशासक पन्थीले जानकारी दिए। उनका अनुसार आयातीत वस्तुमध्ये डिजेलले कुल राजस्वको ३४, पेट्रोलले १२ र एलपी ग्याँसले तीन प्रतिशत हिस्सा ओगटेको छ।

अध्यक्ष अग्रवालले उद्योगी–व्यवसायीले अन्डर र ओभरिङ भ्वाइसिङ (भन्सार जाँचपास गर्दा खरीद

(बाँकी अन्तिम पातामा)

# नेपाल–चीन सम्बन्ध गुणात्मकरूपमा मजबूत हुँदै

काठमाडौं, ७ साउन/रासस

प्रधानसेनापति प्रभुराम शर्माले चीनको इतिहासमा चिनियाँ जनमुक्ति सेनाले ठूलो बलिदान प्रदर्शन गरेका उल्लेख गर्दै दुई देशका सेनाबीचको सम्बन्ध अत्यन्त सुमधुर रहेको बताएका छन्। उनले भने–"हालका दिनमा यो सम्बन्ध गुणात्मकरूपमा मजबूत हुँदै गएको छ।"

चिनियाँ जनमुक्ति सेनाको ९७औं स्थापना दिवसका अवसरमा यहाँस्थित चिनियाँ दूतावासले आइतवार साँझ आयोजना गरेको स्वागत समारोहमा प्रधानसेनापति शर्माले नेपाललाई चिनियाँ जनमुक्ति सेनाले सैनिक सहायता उपलब्ध गराउँदै आएकोमा आभार व्यक्त गरे। पञ्चशीलका सिद्धान्तमा आधारित पारस्परिक सम्बन्ध पछिल्ला दिनमा अझ सुदृढ बन्दै गएको जनाउँदै प्रधानसेनापतिले नेपाल, एक चीन सिद्धान्तप्रति प्रतिबद्ध छ भने। उनले चीनको सुरक्षा चासोप्रति नेपाल संवेदनशील रहेको बताए।

"शान्तिप्रिय राष्ट्र नेपालको सबै देशसँग मैत्री कायम गर्ने नीति छ। हाम्रो परराष्ट्र सम्बन्ध पनि यसै आदर्शबाट अभिप्रेरित छ"–उनले भने। नेपालका लागि चिनियाँ राजदूत छन सोङले चीन–नेपाल सम्बन्ध हिमालझैं अटल रहेको बताउँदै नेपालसँगको सम्बन्धलाई चीनले उच्च प्राथमिकतामा राखेको उल्लेख गरे। उनले आपसी सौहार्द, सम्मान, भाइचारा तथा पञ्चशीलको सिद्धान्तमा आधारित


प्रधानसेनापति प्रभुराम शर्मा। तस्वीरः फाइल

चीन–नेपाल सम्बन्ध पारस्परिक विश्वास, सहयोग, सहकार्यका साथ निरन्तर अगाडि बढिरहेको बताए।

चिनियाँ राजदूतले नेपालको सामाजिक–आर्थिक विकासका निम्ति चीनबाट सक्दो सहयोग हुने प्रतिबद्धता पनि व्यक्त गरे। दूतावासका सैनिक सहचारी लिउ गोझेङले चिनियाँ जनमुक्ति सेनाको स्थापना अगस्त १, १९२७ देखि हालसम्मको अवस्थाबारे जानकारी दिंदै मातृभूमिको रक्षार्थ जनमुक्ति सेनाले निर्वाह गरेको भूमिकाको चर्चा गरेका थिए।

समारोहमा सांसद, गृहसचिव एकनारायण अर्याल, बलाधिकृत रथी अशोक सिग्देल, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, उच्चपदस्थ सरकारी अधिकारी, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि एवं सैनिक सहचारी, पत्रकार, राजनीतिज्ञलगायत समाजका प्रतिष्ठित व्यक्ति सहभागी थिए। साथै जनमुक्ति सेनाको इतिहास र गतिविधि झल्कने वृत्तचित्र पनि प्रदर्शन गरिएको थियो।

यसैबीच चीनले नेपालको आर्थिक उन्नति तथा विकासलाई नै प्राथमिकता दिंदै आएको सन्दर्भमा मुलुकको पूर्वाधार विकासमा उत्तरी छिमेकीको योगदान महत्त्वपूर्ण रहेको बताउँदै अवकाशप्राप्त सहायक रथी सुरेश शर्माले चीनको यो साथ र सहयोगको नेपाल सरकार तथा जनताले सधैं उच्च मूल्याङ्कन गर्नुका साथै सहयोगको यो निरन्तरता भविष्यमा पनि जारी रहने विश्वास गरेको बताए।


**विद्युतीय गाडी चार्ज हुँदैः** सुर्खेत वीरेन्द्र नगरपालिकास्थित बसपार्कमा रहेको चार्जिङ स्टेशसनमा चार्ज गर्नका लागि लामबद्ध राखिएका विद्युतीय सवारीसाधन। पछिल्लो समय विद्युतीय सवारीसाधनको प्रयोग बढ्दो छ। तस्बिरः हेमन्त केसी/रासस

# अवरुद्ध विपी राजमार्ग एकतर्फी खुल्यो

काभ्रेपलाञ्चोक, ७ साउन/रासस

वर्षाले पहिरो जाँदा गएरातिदेखि अवरुद्ध विपी राजमार्ग एकतर्फी खुलेको छ। उक्त राजमार्ग अन्तर्गत काभ्रेको रोशी गाउँपालिकाका विभिन्न स्थानमा बाढी तथा पहिराले रातिदेखि सडक अवरुद्ध भएको थियो।

अवरुद्ध रोशी–मङ्गलटार सडकखण्ड आज बिहानदेखि एकतर्फी सञ्चालनमा ल्याइएको प्रहरीले जनाएको छ। राजमार्गको मास्तीखोला र भ्याकुरेखोलाको बाढी तथा मङ्गलटार क्षेत्रका विभिन्न स्थानमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो। अहिले पनि सुरक्षाकर्मी परिचालन गरी पहिरो पन्छाउने काम भइरहेको छ।

सडक दुईतर्फी सञ्चालनमा ल्याउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले बताए। उनका अनुसार दिउँसोसम्म दुईतर्फी यातायात सञ्चालन गराइनेछ। गत असार अन्तिम साता पनि उक्त सडकखण्ड अवरुद्ध भएको थियो।

उक्त क्षेत्रमा ससाना पहिरो गइरहने भएकोले तत्काल पहिरो पन्छाउन स्काभेटरलाई 'स्यान्डबाई' राख्दै आइएको छ।

# साउन अर्थात् प्रकृति र शिवको महिमाको महीना

विचार



राममणि सिठौला

**वास्तवमा साउन प्रकृति, ईश्वरसँग जोडिने र शिवभक्तिका निम्ति उत्तम महीना हो। शिव हाम्रा आदिदेव हुन्। उनको स्मरणले मात्र पनि हाम्रा दुःखहरू टाढा भाग्छन्। ॐ नम शिवायः।**

साउन महीना निर्क मोहक र मादक हुन्छ। यतिखेर बर्सिएको रिमझिम वर्षामा सर्वत्र उल्लास छाइरहेको हुन्छ, प्रकृतिका जीव, जीवात्मामा आनन्दको बीज फुटिरहेको हुन्छ, झिलिकमिलिक चम्किएको बिजुलीले आकाशको शोभा बढाइरहेको हुन्छ, आकाशमा नीलो चमकदार रङको बादल छाएर सप्तरङ्गी इन्द्रधनुष देखिन थाल्छ, चराचर जगत्मा हरियाली छाइरहेको हुन्छ। धर्तीको यस्तो अपूर्व सौन्दर्य देखेर बादलले प्रेमीको रूप धारण गर्छ। प्रेमरूपी वर्षा गराउन थाल्छ र हाम्रो स्वभाव पनि प्रकृति अनुसार बदलिइरहेको हुन्छ।

साउनले हामीभित्रको प्रकृतिलाई पनि झक्झकाइरहेको हुन्छ। पूर्वीय वैदिक सभ्यतामा शिव प्रकृतिसँग जोडिएका छन्। जीवनको मूल तत्त्व भन्नु नै सत्यम्, शिवम्, सुन्दरम् हो। भगवान् शिव प्रकृति स्वरूप हुन्। चार अक्षरले बनेको भगवान् शब्द आफैँमा प्रकृतिसँग जोडिएको छ जुन 'भग' र 'आन' मिलेर बनेको छ; जसको अर्थ हुन्छः 'भ' को अर्थ भूमि, 'ग' को अर्थ गगन, 'व' को अर्थ वायु, 'अ' को अर्थ अग्नि र 'न' को अर्थ नीर (जल)।

मानव शरीर यही पञ्च महाभूतले बनेको छ। यो पञ्च तत्त्व नै रुद्र हो। जन्मदेखि मोक्षसम्म हाम्रा साथमा जे जान्छ, त्यो नै शिव हो, जसविना प्रकृति छैन, पूजा छैन, जीवन छैन, मृत्यु पनि छैन। देवाधिदेव महादेव हाम्रा आलोक हुन्, भूमण्डल हुन्। अरू देवीदेवताको जन्मकथा प्रचलित छ तर उनी अजन्मा छन्। सृष्टिको रचनापूर्व पनि शिव नै थिए, सृष्टिको समाप्तिमा पनि उनी नै रहनेछन्। उनको अर्धनारीश्वर रूपले प्रस्ट प्रकृति (महिला) र पुरुष दुवै उनै हुन्। वैदिक मान्यतानुसार उनी अनन्त हुन्, निर्माता हुन्, संहारक हुन्, अँध्यारो हुन्, उज्यालो हुन्, आन्दोलन हुन्, शान्ति हुन्।

पृथ्वीको सारा शक्ति यही पञ्चाक्षरी मन्त्रमा टिकेको छ– ॐ नम शिवायः। ॐ शिवजीको एउटै महामन्त्र हो। ॐ शब्द अ, उ र म मिलेर बनेको छ जसको सम्बन्ध पनि प्रकृतिसँगै छ : अ–आकार अर्थात् मस्तिष्क, उ–उकार अर्थात् उदर र म–मकार अर्थात् मोक्ष।

हाम्रा सारा क्रियाकलाप त्यही शिवतत्त्वद्वारा निर्धारित हुन्छ। हाम्रा आचरण, व्यवहार, कर्म, भोगाइ सबैमा शिव छन्, लोकका नसानसामा प्रवाहित छन्। हाम्रा लोकगाथाहरू शुरू गर्दा एकादश रुद्रको आराधना नगरी सम्पन्न हुन सक्दैन भन्ने तथ्य पूर्व अरुण उपत्यकाको सङ्कलनमा रहेको मारुनी नाच्दा बन्धन बाँधिने शशीका यी गेडाहरूले व्यक्त गर्छन् :

'एकै र मुखे रुद्राक्ष माला हो गला है भिरौंला
सखी गला है भिरौंला
जन्तरै बाँधौंला, मन्तरै बाँधौंला
जुरावन्ती नारी हो सखी शरण'

वैदिक सभ्यता अनुसार साउन शिवको अति प्रिय महीना हो। शिवत्व भनेको तपस्या, ध्यान र चिन्तनको बाटो हो। जब हामी यस बाटालाई अँगाल्छौं, तब हामीमा शक्ति र ऊर्जा प्राप्त हुन्छ। यसबाट हामी अभय हुन्छौं। जब हामीभित्र ऊर्जा प्रवाहित हुन्छ, शिव नृत्य गर्न थाल्छन्। प्रकृति आफ्नो रसरागसहित लीला गर्ने हुनाले पनि शिवलाई साउन प्रिय छ। वर्षको चौथो महीनाले हामीभित्रको प्राकृतिक शक्तिलाई बुझ्ने अवसर पनि प्रदान गरिरहेको हुन्छ। तप, ध्यान र चिन्तनद्वारा साउनमा शिवजीसँग गरिने साक्षात्कारले हामीलाई दिव्य प्रकृति र परम तत्त्व बुझ्ने अवसर प्रदान गर्छ।

साउनमा महादेवलाई जल चढाइन्छ। पौराणिक कथानुसार समुद्र मन्थन गर्दा कालकूट विष निस्कियो। त्यसले सारा संसारलाई दग्ध गर्न खोजेपछि उनले त्यसलाई आफ्नो गलामा स्थापित गरे। यसरी उनको नाम नीलकण्ठ राखियो। विषको जलन रोक्न सारा देवताले गङ्गाजल चढाए। गङ्गा जलले शङ्करको जलन शान्त भएझैं साउनले धर्तीको जलन शान्त पार्छ। यसैले पनि साउन र शिवको गहिरो सम्बन्ध छ।

साउन महीना शिवभक्तिको महीना हो। पुराणानुसार यो श्रावण नक्षत्र पूर्णिमामा पर्छ। त्यसैले साउनलाई श्रावण पनि भनिएको हो। हिन्दू पञ्चाङ्गानुसार वर्षको पाँचौं महीना साउन हो। यसलाई हिन्दू आस्थाको प्रतीक मानिन्छ जुन प्रत्यक्षरूपमा धार्मिक भावना र आस्थासँग जोडिएको छ। यतिखेर हिन्दू देवीदेवताका मन्दिरमा दर्शनार्थीको घुइँचो लाग्छ। प्रायः यतिखेर शाकाहार भोजन गरिन्छ, व्रत, उपवास गरिन्छ, शिव महिमाको गीत गाइन्छ :

'उनै शिवजीको उनै शिवजीको
नागको माला, बाघको छाला
उनै शिवजीको'

हिन्दू धर्ममा सोमवारको सधैँ महत्त्व छ तर साउनको सोमवारको विशेष महत्त्व छ। यो सोमवार पूर्णतः शिवमा नै समर्पित छ। यतिबेला महिला, पुरुष दुवै व्रत बस्छन्, उपासना गर्छन्। विशेषगरी कुमारीहरू शिव जस्तै वर पाइयोस् भन्ने कामना गर्दै व्रत बस्छन्।

सोमवारको व्रतबारे लोकमा एक कथा प्रचलित छ : कुनै दिन शिव र पार्वती अमरावती नामक शहरको नजीकबाट जाँदै थिए। दुवै आराम गर्न एउटा मन्दिरमा रोकिए र समय बिताउन खेल खेल्न थाले। खेलका क्रममा पार्वतीले पुजारीलाई कसले जित्छ भनेर भविष्यवाणी गर्न आग्रह गरिन्। पुजारी शिवको भक्त थियो। उसले सोचविचार नगरी आँखा चिम्लेर शिवले जित्ने ठोकुवा गर्‍यो। पछि पार्वतीले खेल जितिन्। उमाले उसको लापरवाहीका निम्ति कोढी हुनुपरोस् भन्ने श्राप दिइन्। पुजारी धेरै समयसम्म कोढी भएर बस्नुपर्‍यो। एक दिन स्वर्गबाट आएका परीहरूले उसलाई सोमवारको व्रत लिने सल्लाह दिए। व्रतपश्चात् उनी पूर्णरूपले स्वस्थ भए। सो घटनाको बेहोरा टाढाटाढासम्म फैलियो। त्यही दिनदेखि सो व्रतलाई प्रभावशाली मान्न थालियो। यसैले पनि साउनको सोमवारको विशेष महत्त्व छ।

शिवरात्रि भन्नेबित्तिकै हाम्रो मानसपटलमा फागुनको महाशिवरात्रि आउँछ तर एक वर्षमा बाह्र शिवरात्रि पर्छ। त्यसमध्ये एउटा साउनको शिवरात्रि हो। यो शिवरासत्रि श्रावण कृष्ण पक्षको चतुर्दशी तिथिमा पर्छ। यस दिनलाई विशेष महत्त्वको मानिन्छ। यही दिन काँवर यात्रीहरूले बोल बमका नारा घन्काउँदै शिवालयमा जलले अभिषेक गर्छन्।

शिव कल्याणकारी हुन्। उनी मात्र एक लोटा जलले पनि प्रसन्न हुन्छन् तर पनि साउनमा महादेवको पूजाको दौरान भक्तजनले बेलपत्रसँगै बेलको फूल पनि चढाउँछन्। भनिन्छ यो शिवको प्रिय फूल हो। यो फूल चढाउनाले पतिपत्नीबीच सम्बन्ध गाढा हुनाका साथै सन्तान प्राप्तिको आशीर्वाद मिल्छ भन्ने लोकविश्वास छ। यो महीना उनलाई भाङ पनि चढाइन्छ। पुराणको कथानुसार विष पान गरेपछि उनको डाह शान्त पार्ने जडिबुटीमा भाङ पनि सामेल गरिएको थियो। उनको अर्को प्रिय फूल धतुरोको फूल हो। भक्तहरूले प्रायः यो फूल पनि चढाउँछन्।

महादेवलाई अभिषेक गर्दा काँचो दूध पनि चढाइन्छ। यसलाई शुद्ध र पवित्र मानिन्छ। काँचो दूध चढाउनाले भक्तको मनोकामना पूर्ण हुन्छ भन्ने लोकविश्वास छ। शिवको पूजाका दौरान शिवलिङ्गमा मह पनि चढाइन्छ। यसो गर्नाले सबै पाप हट्नाका साथै व्यक्तिलाई मोक्ष प्राप्त हुन्छ भन्ने कथा प्रचलित छ। पूजा गर्दा ज्यादाजसो यस्ता मन्त्र जपिन्छः

'ॐ त्रयम्बकं यजामहे सुगन्धित पुष्टि वर्धनम्।
उर्वारूकमिव बन्धनाम् मृत्योमुक्षीय मामृतत।
कर्पुर गौरं करुणावतारं, संसार सारं भुजगेन्द्रहारं
सदा वसन्तं हृदयारविंदे, भवं भवानीसहितं नमामी।'

शङ्करको प्रिय साउनमा धार्मिक आस्थासँग जोडिएका ऋषितर्पणी (जनैपूर्णिमा), गाईजात्रा, हरिशयनी एकादशी आदि पनि पर्छन्। यो महीना किसानका निम्ति पनि महत्त्वपूर्ण मानिन्छ। यतिखेर बर्सिएको वर्षा बालीनालीका निम्ति अमृत समान हुन्छ। ग्रीष्मको भीषण तापले सुकेका ताल, तलाउ, पानीका मुहानमा पनि यतिखेर नवजीवन सञ्चार भइरहेको हुन्छ। यी सबैका पछाडि शिरमा गङ्गा बोकेका शिवले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका हुन्छन् भन्ने जनविश्वास छ।

वास्तवमा साउन प्रकृति, ईश्वरसँग जोडिने र शिवभक्तिका निम्ति उत्तम महीना हो। शिव हाम्रा आदिदेव हुन्। उनको स्मरणले मात्र पनि हाम्रा दुःखहरू टाढा भाग्छन्। ॐ नम शिवायः।

–लेखक नेपाली लोकसाहित्य र संस्कृतिका जानकार हुन्। रासस



**राक्षस ताल:** डोल्पाको जगदुल्ला गाउँपालिकास्थित राक्षस ताल। तीर्थयात्राको क्रममा यो तालमा नुहाउन नहुने र फर्केर पनि हेर्न नहुने धार्मिक मान्यता रहेको छ। यो ताल पानको पात आकार जस्तै देखिने भएकोले पछिल्लो समय 'माया' तालको समेत उपमा दिन थालिएको छ। तस्बिर:रामचन्द्र न्यौपाने/रासस

## फरक समाचार

# भिटामिन बी १२ को कमीले मृत्यु पनि हुन सक्छ

भिटामिन बी १२ हाम्रो शरीरको लागि आवश्यक पोषक तत्त्व हो। यसले रातो रक्त कोशिका निर्माण, स्नायु प्रणालीको सञ्चालन र डिएनए संश्लेषणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। तसर्थ शरीरमा भिटामिन बी १२ को सही मात्रा




हुनु धेरै महत्त्वपूर्ण मानिन्छ।

तर के तपाईंलाई थाहा छ, यसको कमीलाई बेवास्ता गर्दा ज्यानसमेत जान सक्छ ? भिटामिन बी १२ शरीरको लागि यति आवश्यक छ कि यसको कमीले शरीरले राम्ररी काम गर्न सक्दैन। यस्तो अवस्थामा लामो समयसम्म उपचार नगरे मानिसको मृत्यु हुने सम्भावना रहन्छ।

**तन्त्रिका तन्त्रको क्षति :** भिटामिन बी १२ को कमीले स्नायु प्रणालीमा क्षति पुऱ्याउन सक्छ। यसबाट हात र खुट्टा झमझमाउने, सुन्न हुने र कमजोरी जस्ता समस्या निम्त्याउँछ। गम्भीर अवस्थामा यसले मेरुदण्डलाई पनि असर गर्न सक्छ, हिंड्नमा कठिनाइ हुन्छ।

**रक्तअल्पता :** क्लिभल्यान्ड क्लिनिक अनुसार भिटामिन बी १२ को कमीको कारण रातो रक्त कोशिकाको उत्पादनमा कमी, स्थायी न्युरोलोजिकल क्षतिको कारण बन्न सक्छ जसको उपचार नगर्दा व्यक्तिको मृत्यु हुन सक्छ। रक्तअल्पताबाट थकान, कमजोरी र सास फेर्न गाह्रो हुन्छ।

**मानसिक स्वास्थ्यमा प्रभाव :** भिटामिन बी १२ को कमीले डिप्रेशन र डिमेन्सियाजस्ता मानसिक स्वास्थ्य समस्या निम्त्याउँछ। साथै यसले स्मरणशक्ति कमजोर हुने र मस्तिष्कले राम्ररी काम नगर्ने खतरा पनि बढाउँछ।


**हृदयसम्बन्धी समस्या :** मुटु रोग आज मृत्युको सबैभन्दा ठूलो कारण हो। भिटामिन बी १२ को कमीले हृदय रोगको जोखिम बढाउँछ।

**लक्षणहरू :** लामो समयदेखि थकान, कमजोरी, हात खुट्टा झमझमाउने वा डिप्रेशन जस्ता लक्षणहरू अनुभव गर्दै हुनुहुन्छ भने भिटामिन बी १२ परीक्षण गराउनुपर्छ। समयमैं पहिचान गरी उपचार गरेमा यस्ता समस्याबाट बच्न सकिन्छ।

भिटामिन बी १२ प्राकृतिकरूपमा मासु, अन्डा र दुग्धजन्य पदार्थहरूमा पाइन्छ। शाकाहारीहरूका लागि भिटामिन बी १२ बाट युक्त फोर्टिफाइड फूड्स वा भिटामिन बी १२ सप्लिमेन्टको सेवन लाभदायक हुन सक्छ।

# पार्टीमा जाँदा ध्यान दिनुपर्ने कुरा

जब तपाई कसैसँग प्रेम सम्बन्धमा हुनुहुन्छ प्रायः खुशीका पलहरू बिताउन पार्टीहरूमा जानुहुन्छ। यसले दिनचर्याका गतिविधिबाट अलिकति परिवर्तन गराउँछ



र रमाइलो पनि ल्याउँछ। प्रायः पार्टीमा जाँदा तपाईंले अनजानमा केही गलती गर्नुहुन्छ, जसबाट मूड बिग्रन्छ र सम्बन्धमा चिरा आउन सक्छ। तसर्थ पार्टीमा जाँदा के के सावधानी अपनाउनुपर्छ त्यसबारे जानकारी राख्नुपर्छ।


**साथीहरूसँग व्यस्त नहुनुहोस् :** कुनै पनि पार्टीमा जाँदा अन्य साथीभाइ र चिनजानका व्यक्तिहरू भेट्दा पुराना सम्झनाहरू ताजा हुन थाल्छ। त्यसपछि साथीभाइसँग कुरा गर्नमा यति व्यस्त हुन्छौं कि आफ्नो जीवनसाथीलाई पनि बिर्सन्छौं। त्यसपछि जीवनसाथीले पार्टीमा एक्लो महसूस गर्न थाल्छ। यस्तो गलती गर्नुहुँदैन।

**साथीहरूसँग परिचय नगराउने :** यदि तपाई आफ्नो पार्टनरसँग पार्टीमा जानुभएको छ र तपाईंका साथीहरूलाई यस सम्बन्धबारे केही थाहा छैन भने पार्टनरको परिचय गराउनुपर्छ। यसो नगर्दा पार्टनरले तपाई सम्बन्धप्रति गम्भीर हुनुहुन्न र लुकाएर राख्न चाहनुहुन्छ भन्ने सोच्छ। यदि तपाई आफ्नो सम्बन्धबारे साथीहरूलाई सकारात्मक टिप्पणी दिनुहुन्छ भने तपाईंको प्रेम गहिरो हुन्छ।

**पार्टीमा झगडा नगर्ने :** कैयौंपटक यस्तो हुन्छ कि पार्टीको समयमा तपाईंलाई पार्टनरको कुनै कुरा नराम्रो लाग्छ, यस्तो अवस्थामा रिसाउनुको सट्टा बुद्धिमानीपूर्वक काम गर्नुपर्छ। साथीभाइ र चिनजानका अगाडि झगडा गर्न थाल्नुभयो भने सम्बन्ध बिग्रने निश्चित छ। कतै छेउमा पार्टनरलाई लगेर मायालुपूर्वक सम्झाउनुपर्छ र गलतफहमी हटाउनुपर्छ। पार्टीमा रमाइलो गर्दा पार्टनरसँग विवाद गर्नुहुँदैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## आरुको स्वास्थ्यबर्द्धक फाइदा



## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशमा विरोधः ५०० भन्दा बढी पक्राउ



ढाका, ७ साउन/एएफपी

बङ्गलादेशको राजधानी ढाकामा आरक्षणविरोधी प्रदर्शनमा केही विपक्षी दलका नेतासहित ५०० जनाभन्दा बढीलाई पक्राउ गरिएको प्रहरीले सोमवार पुष्टि गरेको छ।

प्रदर्शनमा कम्तीमा ५३२ जनालाई पक्राउ गरिएको ढाका मेट्रोपोलिटन प्रहरी प्रवक्ता फारुक हुसेनले बताए। पक्राउ परेकामध्ये केही बङ्गलादेश नेशनल पार्टी (बिएनपी)का नेताहरू रहेको उनले बताए।

पक्राउ पर्नेमा बिएनपीका नेता अमिर खुसरो, महमुद चौधरी र प्रवक्ता रुहुल कबिर रिजवी अहमदसहित पूर्व राष्ट्रिय फूटबल कप्तान एवं नेता अमिनुल हकलाई पनि पक्राउ गरिएको उनले बताए। इस्लामवादी पार्टी जमात–ए–इस्लामीका महासचिव मियाँ गुलाम परवरलाई पनि पक्राउ गरिएको हुसेनले जानकारी दिए। उनले राजधानीमा अशान्तिका क्रममा कम्तीमा तीनजना प्रहरीले ज्यान गुमाएको बताउँदै करीब एक हजार घाइते भएको र घाइतेमध्ये ६० जनाको अवस्था गम्भीर रहेको उल्लेख गरेका छन्। बिएनपीका प्रवक्ता एके वाहिदुज्जमानले राष्ट्रव्यापीरूपमा 'विगत केही दिनमा सयौं बिएनपीका नेता तथा कार्यकर्तालाई गिरफ्तार गरिएको बताएका छन्। रासस

# पहिलो त्रैमासिकमा र्‍यान एयरको मुनाफामा करीब आधा गिरावट

लन्डन, ६ साउन/एएफपी

कम हवाई भाडाले मागमा भएको उछाललाई पूरा गर्दा पहिलो त्रैमासिकमा खुद नाफा लगभग आधा घटेको आयरल्यान्डको सस्तो एयरलाइन्स सेवा (र्‍यान एयर)ले सोमवार जनाएको छ।

र्‍यान एयरका अनुसार करपछिको नाफा १२ महीना अघिको तुलनामा जून महीनामा सकिएको त्रैमासिकमा ४६ प्रतिशतले घटेर ३६ करोड युरो (३९ करोड २० लाख अमेरिकी डलर)मा झरेको छ।

भाडा समायोजनपछि यात्रीको सङ्ख्या भने १० प्रतिशतले बढेर पाँच करोड ५५ लाख पुगेको छ। औसत हवाई भाडा १५ प्रतिशतले घटेको डबलिनमा मुख्यालय रहेको र्‍यान एयर विमान कम्पनीले जनाएको छ।

एयरलाइन्सले यस वर्ष इस्टरको समयले पनि प्रभावित भएको जनाएको छ।

र्‍यान एयरका अनुसार दोस्रो त्रैमासिकमा पनि कम भाडादरको प्रभावको वातावरण कायमै रहेको छ।

"दोस्रो त्रैमासिकको माग बलियो भएपनि मूल्य निर्धारण हामीले अपेक्षा गरेभन्दा सुलभ छ र अब हामी दोस्रो त्रैमासिकको भाडा गत ग्रीष्म ऋतुको तुलनामा कम हुने अपेक्षा गर्छौं," प्रमुख कार्यकारी माइकल ओ लेरीले भने।

उनले थपे, "र्‍यान एयरले नयाँ बोइङ विमानहरूको आपूर्तिमा थप ढिलाइको सामना गर्नु नपरेमा वर्षभरिमा विमान सेवा प्रयोग गर्नेको सङ्ख्या आठ प्रतिशतले वृद्धि भई करीब २० करोड पुग्ने अपेक्षा गरिएको छ।" रासस

# राष्ट्रपतिको उम्मेदवार नबन्ने बाइडेनको घोषणा

वाशिङ्टन, ७ साउन/एपी

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जो बाइडेनले आफू राष्ट्रपति बन्ने चुनावी दौडबाट बाहिरिएको घोषणा गरेका छन्।

उनले आफ्नो ठाउँमा डेमोक्रेटिक पार्टीबाट राष्ट्रपतिको उम्मेदवार, हाल उपराष्ट्रपति कमला ह्यारिसलाई अघि सारेका छन्।

अमेरिकी राष्ट्रपति जो बाइडेनले गत महीनाको अन्त्यमा विनाशकारी बहस प्रदर्शनपछि चुनावमा आफ्नो व्यावहारिकताबारे बढ्दो सङ्ख्यामा डेमाक्रेटहरूले चिन्ता व्यक्त गरेपछि राष्ट्रपतिको दौडबाट बाहिरिने घोषणा गरेका छन्।

"मेरो उम्मेदवारी पुनः निर्वाचित हुनका लागि हो, तर बाँकी कार्यकालको लागि राष्ट्रपतिको रूपमा मेरो कर्तव्य पूरा गर्न ध्यान केन्द्रित गर्नु मेरो पार्टी र देशको हितमा छ भन्ने मलाई विश्वास छ, सामाजिक सञ्जाल एक्समा उनले भनेका छन्। उनले आफ्नो निर्णयबारे विस्तृतरूपमा यस हप्ताको अन्त्यमा खुलासा गर्ने बताए। अर्को पोस्टमा उनले भनेका छन्–"यस वर्ष डेमोक्रेटिक पार्टीको तर्फबाट राष्ट्रपतिको उम्मेदवारका रूपमा उपराष्ट्रपति कमला ह्यारिसलाई आफ्नो पूर्ण समर्थन र प्रस्ताव गर्न चाहेको बताए। डेमोक्रेटहरू एकजुट भएर ट्रम्पलाई हराउने समय हो। यो गरौं।"

वर्तमान अमेरिकी राष्ट्रपति र सम्भावित उम्मेदवार यस अघि चुनाव प्रक्रियामा यति ढिलो दौडबाट बाहिरिएका छैनन्। हाल ८१ वर्षका बाइडेनले एक लिखित विज्ञप्ति जारी गर्दै आइतवार राति आफ्नो दल र देशको हितका लागि पुनः राष्ट्रपतिको उम्मेदवार बन्ने योजना अन्त्य गरेको बताएका हुन्।

उनले राष्ट्रपतिका रूपमा काम गर्ने अवसरलाई 'ठूलो सम्मानको रूपमा लिएको' र सन् २०२५ जनवरीसम्म रहने आफ्नो कार्यकाल पूरा गर्ने पनि विज्ञप्तिमा उल्लेख गरेका छन्।

अब अमेरिकी राष्ट्रपतिमा डेमोक्रेटिक पार्टीका तर्फबाट उपराष्ट्रपति ह्यारिस र रिपब्लिकन पार्टीको तर्फबाट अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पबीच प्रतिस्पर्धा हुने सम्भावना छ।

यद्यपि डेमोक्रेटिक पार्टीको अगस्तमा हुने राष्ट्रिय सम्मेलनबाट राष्ट्रपतिको उम्मेदवार चयन गरिने कार्यतालिका छ।

गत जून २७ मा भएको राष्ट्रपतीय निर्वाचनको बहसमा फितलो प्रस्तुति भएको भन्दै डेमोक्रेटहरूबाटै उनको आलोचना भएको थियो।

उपराष्ट्रपति ह्यारिसले राष्ट्रपतिको उम्मेदवारको रूपमा मनोनीत हुन पाउँदा सम्मानित महसूस भएको बताएकी छन्। उनले ट्रम्पविरुद्ध 'देशलाई एकताबद्ध गर्ने' पनि बताइन्। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**बोलबम पदयात्राः** केदारेश्वर महादेवमणि सेवाश्रम समितिको आयोजनामा सोमवार पोखरामा निकालिएको बोलबम पदयात्रामा सहभागी भक्तजनहरू। समितिले हरेक वर्ष आयोजना गर्ने बोलबम पदयात्रा पोखरा महानगरपालिका–१ गाईघाटस्थित १०८ धारामा स्नान गरेर आठ किमी पैदलयात्रासहित पोखरा महानगरपालिका–६ बैदामस्थित केदारेश्वरमा १०८ शिवलिङ्गमा जलार्पण गरिन्छ। तस्बिरः धनबहादुर गुरुङ/रासस

## ईँटा ...

ईँटा उत्पादनका माध्यमबाट निर्माण क्षेत्रमा सहयोग पुऱ्याउने मात्रै नभई राज्यलाई राजस्वमा समेत योगदान गर्ने व्यवसाय र व्यवसायीहरूको समस्या समाधान गर्नु राज्यको दायित्वसमेत रहने उनले बताए।

होसना ईँटा उद्योगका व्यवस्थापक कृष्ण अवालेले ललितपुरको हरिसिद्धिस्थित होसना ईँटा कारखानामा आवश्यक ऊर्जाको ४० प्रतिशत आन्तरिक इन्धनमा मिसाएर उत्पादन गर्दा प्रदूषण कम हुने प्रमाणित भएको र लागतमा समेत कम पर्न गएको जानकारी गराए। ललितपुरको हरिसिद्धिस्थित होसना ईँटा कारखानामा आवश्यक ऊर्जाको ४० प्रतिशत आन्तरिक इन्धनमा मिसाएर आन्तरिक ईँटा चलाउने प्रदर्शन गर्दा कण पदार्थको उत्सर्जनमा २३ प्रतिशत कमी आएको मिनर्जीका टीम व्यवस्थापक प्रजाप्रतिले जनाकारी गराए। "एक/डेढ लाख ईँटा बनायौं, उपयोगी देखियो, सबै उद्योगमा वातावरण प्रदूषण कम गर्ने प्रविधि ल्याउनुपर्छ। लागत घटाउन सहयोगसमेत गऱ्यो," अवालेले भने। उनका अनुसार ऊर्जा खपतमा लगभग छ प्रतिशत कमी आएको थियो।

वायु प्रदूषणका कारण विश्वमा वार्षिक ७० हजार र नेपालमा ४२ हजारले ज्यान गुमाइरहेको अवस्था छ। वायु प्रदूषणले मानिसको मस्तिष्कको क्षमता घटाउने विभिन्न अध्ययनले देखाएको छ। प्रदूषणले अल्जाइमर्स तथा डिमेन्सियाजस्ता विस्मृति हुने रोगको जोखिम बढाउने गर्छ। कतिपय प्रदूषक तत्त्वले मस्तिष्कको रसायनमा विभिन्न प्रकारले सोझो असर पार्छन् भने कतिपय तत्त्वले मनोवैज्ञानिक असर पार्छन्, जसले डिप्रेसन वा नैराश्य उत्पन्न गराउँछ।

युएनडिपीको क्लाइमेट स्मार्ट कार्यक्रमले नेपाल सरकारलाई विश्वव्यापी पेरिस सम्झौता अन्तर्गत राष्ट्रियस्तरमा निर्धारित योगदानहरू बढाउन र हासिल गर्न सहयोग प्रदान गरिरहेको छ। मिनर्जीले गरिरहेको ऊर्जा उपयोगी यो परियोजना जलवायु प्रतिज्ञा पहल अन्तर्गत जर्मनी सरकारको कोष सहयोगमा मिनर्जीले अध्ययन–अनुसन्धान गरिरहेको छ।

## नौ घटनामा ...

एकजना संलग्न रहेको खुलेको प्रहरीले जनाएको छ।

### आमाछोरीको आगो लगाएर हत्या

सल्यानमा विसं २०८० भदौ ५ गते ६:५० बजेको समयमा एउटा घरमा मानिस सुतिरहेका बेला जलेको अवस्थामा आमाछोरी भेटिए। टिनले छाएको एकतले कच्ची घरमा पीडितहरू बिहानसम्म पनि नउठेपछि स्थानीय छिमेकीले ढोका खोली हेर्दा कोठाभित्र आगलागी भई जली मृत अवस्थामा फेला परेका थिए।

सल्यानको त्रिवेणी गाउँपालिका–२ झालेढुङ्गा बस्ने २९ वर्षकी रेवती थापा र उनकी नौ महीनाकी छोरी ऋतु थापाको आगो लगाएर हत्या गरिएको थियो। उक्त घटनाको अनुसन्धानका क्रममा प्रतिवादीले प्रेम सम्बन्धका कारण आगो लगाइ आमाछोरीको हत्या गरेको पाइएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न रहेको आरोपमा सल्यानको सिद्धकुमाख गाउँपालिका–२ खानीगाउँ बस्ने २८ वर्षका कर्णबहादुर बस्नेत र वर्ष २८ की गीता कार्कीलाई पक्राउ गरिएको प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले बताए।

### परिवारको सामूहिक हत्या

मुगुमा विसं २०८० कात्तिकमा आफ्नै घरमा धारिलो हतियार प्रहार गरी कर्तव्य गरी मारेको अवस्थामा परिवारका सबै सदस्यको शव फेला परेको थियो।

प्रहरीका अनुसार मुगु छायानाथ रारा नगरपालिका–६ का मुन्दुगाउँ बस्ने श्रीदेवी बोहोरा, उनका नाबालक छोराहरू मनोज बोहोरा र रहर बोहोरा तथा नाबालिका छोरी अप्सरा बोहोराको हत्या भएको थियो।

त्यस घटनामा छायानाथ रारा–६ कोटिला बस्ने वर्ष ३० का गोपाल बोहोरा र वडा नं ७ पिना बस्ने वर्ष ३० का गोर्खराज शाही संलग्न रहेको पाइएको प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले अनुसन्धानका क्रममा खुलेको बताए।

उक्त घटनाको पनि प्रहरीबाट सफल अनुसन्धान गरी अपराधीलाई पक्राउपश्चात् कानूनी कारबाई भइरहेको छ। पैसा र सम्पत्तिका कारण हत्या गरेको खुल्न आएको उनको भनाइ छ। हत्या गर्ने एकजना आफन्त नै रहेका प्रहरीले जनाएको छ।

### दम्पती हत्या प्रकरण

पर्वतमा २०८० चैत २० गते जलजला गाउँपालिका–२ राममन्दिर बस्ने पति र पत्नी ढुङ्गा माटोले बनेको आफ्नै घरमा बसिरहेका बेला हत्या भएको थियो।

जलजला–२ राममन्दिर बस्ने वर्ष ६९ को सूर्यबहादुर घर्ती र पत्नी वर्ष ६७ की कमला घर्ती मृत भेटिएका हुन्। दुईतले पक्की घरको भुइँ तलाको आफू सुत्ने कोठाभित्र रगताम्मे अवस्थामा दम्पतीको शव भेटिएको थियो। उक्त घटनाको पनि सफल अनुसन्धान गरी प्रहरीले प्रतिवादी पक्राउ गरेको छ।

घटनामा जलजला–२ बस्ने वर्ष ३२ का कृष्णबहादुर विश्वकर्मा र कुश्मा नगरपालिका–२ खुर्कोट स्थायी घर भई कास्की बस्ने दीपक दर्जी संलग्न रहेका प्रहरीले जनाएको छ। उनीहरूले सम्पत्ति लुट्ने उद्देश्यले निज दम्पतीको हत्या गरेका पाइएको प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए।

### बोरामा दुईजनाको शव फेला

विसं २०८० मङ्सिर ६ गते १२:५० बजेको समयमा चितवनको भरतपुर महानगरपालिका–१२ मिलनचोकमा दुई शव बोरामा बाँधेर फ्याँकिएको अवस्थामा फेला पऱ्यो।

सडक कल्भर्टमुनि दुईवटा जुटको बोरामा एक पुरुष र एक महिलाको शव फेला परेको थियो। भारत मोतिहारीका १९ वर्षीय ऋषभकुमार कुशवाहा र सोही ठाउँका अस्मिता भन्ने सञ्जु देवीको शव भएको प्रहरीले पुष्टि गऱ्यो। उनीहरूको हत्या अस्मिताका पति ३३ वर्षीय अखिलेश भगतले गरेको सिआइबीको अनुसन्धानले पत्ता लागेको थियो।

अखिलेश भगत हाल भारतस्थित कारागारमा अपहरण मुद्दामा सजाय काटिरहेका छन्। विवाहपछि भतिजसँगको सम्बन्धका कारण उनले आफ्नै पत्नी र भतिजको हत्या गरेका थिए।

### विनोद सुनचाँदी पसल चोरी प्रकरण

चितवनको कालिका नगरपालिका खोलेसिममा रहेको विनोद सुनचाँदी पसलमा गत असार १ गते चोरी भएको थियो। सिसिटिभी फुटेजमा दुईजनाले झोला भरी राखेर मोटरसाइकलमा सुन लगेको देखिन्थ्यो।

उक्त घटनापछि प्रहरीले अनुसन्धान थाल्यो। घटनामा पसल सञ्चालक विनोद सुनुवार आफैंले योजना बनाएर बीमा दाबीका लागि सुन चोरी गर्न लगाएको पाइएको केन्द्रीय प्रहरी प्रवक्ता कार्कीले बताए।

उक्त घटनापछि निजले रु दुई करोड ५५ लाखको बीमा दाबी गरेका थिए। उनले आफ्ना चिनेजानेका र काम गर्ने कर्मचारी प्रयोग गरेर चोरी गर्न लगाएको पाइएको कार्कीले बताए। उनका अनुसार प्रहरीले सञ्चालकसहित पाँचजनालाई पक्राउ गरी कारबाई अघि बढाएको छ।

### बलात्कारपछि हत्या

गत मङ्सिरमा धनुषामा भएको बालिकामाथिको बलात्कारपछि हत्याको घटनामा पनि प्रहरीले सफल अनुसन्धान गरेको छ। अनुसन्धानमा अपराधीले बलात्कार गरी घाँटी थिचेर हत्या गरेर पोखरीमा शव फालेको स्वीकारेका प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले बताए।

उक्त अनुसन्धानका क्रममा प्रहरीले धनुषा सबैला नगरपालिकाका ३१ वर्षीय विनोदकुमार राय र कमला नगरपालिका–६ बस्ने २४ वर्षीय रोशनकुमार मुखियालाई पक्राउ गरी कारबाई गरेको छ।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कर्मप्राप्ति | वृष | ईश्वरभक्ति |
| मिथुन | रोगभय | कर्कट | व्यापारवृद्धि |
| सिंह | शत्रुभय | कन्या | अलमल |
| तुला | भयचिन्ता | वृश्चिक | राज्यलाभ |
| धनु | अतिथिआगमन | मकर | सुयश |
| कुम्भ | खर्चवृद्धि | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



साउनको पहिलो सोमवार वीरगंजको अलखियामठ र वीरगंज चिनी कारखाना आवास क्षेत्र परिसरमा रहेको पशुपतिनाथ मन्दिरमा पूजाआजा गर्न भक्तजनहरूको भीड लागेको छ। तस्वीरः नितेश कर्ण

# सिद्धार्थ बैंकद्वारा जिप्रका, बारालाई सिसिटिभी प्रदान



प्रस, वीरगंज, ७ साउन/

सिद्धार्थ बैंक लिमिटेडले नेपाल प्रहरीलाई दुईवटा सिसिटिभी प्रदान गरेको छ।

शाखा कार्यालय कलैयाका प्रबन्धक मनमोहनलाल साहले जिल्ला प्रहरी कार्यालय, बाराका प्रमुख प्रहरी उपरीक्षक महेन्द्र खड्कालाई दुईवटा सिसिटिभी क्यामेरा हस्तान्तरण गरेका थिए।

कलैयाको शान्ति सुरक्षामा सिसिटिभी क्यामेराबाट सहयोग हुने अपेक्षासहित सिसिटिभी सहयोग गरिएको प्रबन्धक साहले बताए।

जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले कलैयाका विभिन्न स्थानमा ३० वटा सिसिटिभी क्यामेरा जडान भएपनि हावापानीको कारण १० वटा क्यामेरा खराब भएको बताए।

# बकैया खोलामा महिलाको शव बरामद

प्रस, निजगढ, ७ असार/

कोल्हवी नगरपालिका–२ स्थित बकैयाखोलामा सोमवार दिउँसो महिलाको शव फेला परेको छ। अन्दाजी ३५ वर्षीया महिलाको शवको पहिचान अहिलेसम्म हुन नसकेको इलाका प्रहरी कार्यालय, कोल्हवीका प्रहरी निरीक्षक किसन बस्नेतले जानकारी दिए।

निजगढस्थित बकैया पुलदेखि करीब एक किलोमिटर दक्षिण–पश्चिम खोलाको किनारामा उक्त शव खोलामा जानेहरूले देखेपछि प्रहरीलाई जानकारी गराएका थिए।

शरीरमा खासै घाउ चोट नदेखिएकोले खोला तर्ने क्रममा बाढीले बगाउँदा ज्यान गएको हुन सक्ने अनुमान लगाए पनि शल्यपरीक्षण रिपोर्टपछि मात्रै मृत्युको कारण यकीन हुने प्रनि बस्नेतले बताए। उक्त शवलाई शल्यपरीक्षणको लागि सदरमुकाम कलैयास्थित जिल्ला अस्पताल लगिएको जनाएको छ।

# हुन्डीको रकमसहित दुईजना पक्राउ

प्रस, वीरगंज, ७ साउन/

जिल्ला प्रहरी कर्यालय, बाराले अवैध मुद्राको कारोबार गर्ने दुईजनालाई पक्राउ गरेको जनाएको छ।

१० लाख २० हजार रकमसहित इलाका प्रहरी कार्यालय, छातवाको टोलीले विशेष सूचनाको आधारमा ना.३६प ४५६३ नम्बरको मोटरसाइकलसहित दुईजना पक्राउ परेको बारा प्रहरीले प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको छ। पक्राउ पर्नेहरूमा मोटरसाइकल चालक बारा, फेटा गाउँपालिका वडा नं ६ पुरैनिया निवासी वर्ष ४१ का सैदुल्लाह मियाँ ठकुराई, सोही गाउँ निवासी वर्ष २२ का बागर अन्सारी रहेका छन्। उनीहरू भारतको घोडासहन नाका भएर भारतबाट नेपालतर्फ आइरहेका थिए। पक्राउ परेका दुवैजनालाई हुन्डीसम्बन्धी कसूरमा सात दिनको म्याद थमाइ अनुसन्धान शुरू गरेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारीमा आएन | | | | |




Make your stay with us is a memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# सीमासम्बन्धी विषयलाई कूटनीतिक संयन्त्रमार्फत समाधान गरिनेछ –प्रधानमन्त्री

काठमाडौं, ७ साउन/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले उच्चस्तरीय भ्रमणका अवसरमा नेपाल र भारतका प्रधानमन्त्रीबीच भएका भेटवार्तामा समेत सीमासम्बन्धी विषयलाई स्थापित कूटनीतिक संयन्त्रहरूमार्फत समाधान गर्नेगरी अगाडि बढ्ने समझदारी भएको बताएका छन्।



तस्वीरः रासस

प्रतिनिधिसभाको सोमवारको बैठकमा प्रधानमन्त्रीसँग सांसदको प्रत्यक्ष प्रश्नोत्तरको जवाफ दिंदै प्रधानमन्त्री ओलीले नेपालको अन्तर्राष्ट्रिय सीमाका सम्बन्धमा सङ्घीय संसद्, नेपाल सरकार तथा सबै नेपाली स्पष्ट र दृढ रहिआएको उल्लेख गरे।

उनले भने, "नेपालको संविधानको २०७७ असार ४ गते भएको दोस्रो संशोधनमार्फत नयाँ नक्शा समेटी संविधानको अनुसूची–३ मा राखिएको तथा सीमासम्बन्धी विषयमा हामीबीच अभूतपूर्व राष्ट्रिय सहमति रहेको छ। सुगौली सन्धि, १८१६ बमोजिम लिम्पियाधुरा, कालापानी लिपुलेकलगायत काली (महाकाली) नदी पूर्वका सबै भूभाग नेपालका हुन् भन्ने कुरामा नेपाल सरकार दृढ र स्पष्ट रहेको छ।"

प्रधानमन्त्री ओलीले २०८० पुस १९ गते सम्पन्न परराष्ट्रमन्त्रीस्तरीय नेपाल–भारत संयुक्त आयोगको सातौं बैठकमा समेत सिमानाको विषयमा छलफल भएको र नेपाल–भारत सीमाको बाँकी खण्डका काम छिटोभन्दा छिटो सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त भएको बताए। उनले नेपाल–भारत सीमा कार्य समूहबाट नेपाल–भारत सिमानामा सीमास्तम्भहरूको निर्माण, पुनर्स्थापना र मर्मतका साथै दशगजा एवं 'क्रस होल्डिङ'को लगत तयार गर्ने जस्ता प्राविधिक कार्य निरन्तररूपमा हुँदै आएका जानकारी गराए। द्विपक्षीय अनुकूलतामा यसका बैठक सुचारु गर्ने सम्बन्धमा पहल भइरहेको प्रधानमन्त्री ओलीको भनाइ थियो।

सुगौली सन्धि, विभिन्न नक्शा, ऐतिहासिक तथ्य तथा प्रमाणसमेतका आधारमा सीमा समस्यालाई भारत सरकारसँग वार्ता र कूटनीतिमार्फत समाधान गर्ने नेपाल सरकारको निरन्तर अडान र प्रतिबद्धता रहिआएको उनले बताए। उनले भने, "सोहीअनुरूप हाम्रो सक्रिय पहल रहने कुरा म स्पष्ट पार्न चाहन्छु।"

दार्चुलाको छाङरुमा सशस्त्र प्रहरी बल, नेपालको गुल्म स्थापना गरिएको र दार्चुलामा भारततर्फ पाँचवटा र चीनतर्फ एउटा 'बिओपी'समेत थप गरिएको प्रधानमन्त्री ओलीले बताए। सुशासन सेवाप्रवाह र विकास निर्माणको बाधकको रूपमा रहेको भ्रष्टाचार निवारण वर्तमान सरकारको प्रमुख प्राथमिकताको विषय भएको उनले बताए। "भष्ट्राचार निवारणका लागि सरकारले सम्भाव्य सबै उपायको अवलम्बन गर्नेछ," प्रधानमन्त्री ओलीले भने, "सुनकाण्ड, सहकारी ठगी, नक्कली भुटानी शरणार्थीलगायतका विषयमा सांसदहरूले उठाउनुभएका विषयमा म के प्रस्ट गर्न चाहन्छु भने आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न सरकार प्रतिवद्ध छ।"

जोसुकै दोषीलाई पनि कानूनी दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्री ओलीले यससम्बन्धी कतिपय विषय न्यायिक निकायमा विचाराधीनसमेत रहेकाले सोही बमोजिम न्याय निरूपण हुने बताए।

# दुर्घटनामा पत्रकार बन्जारा दम्पती घाइते



प्रस, वीरगंज, ७ साउन/

नेपाल पत्रकार महासङ्घ मधेस प्रदेशका महासचिव श्याम बन्जारा चढेको कार सोमवार दिउँसो बाराको जीतपुरमा ट्रकको ठक्करबाट दुर्घटनाग्रस्त भएको छ।

कारमा सवार पत्रकार बन्जारा र निजकी पत्नी सुभद्रा बन्जारा भने सामान्य घाइते भएका प्रहरीले जनाएको छ। सिमराबाट वीरगंज आउने क्रममा दिउँसो जीतपुरमा ट्रकले ठक्कर दिएको हो।

ट्रकको ठक्करबाट कारमा क्षति पुगे पनि बन्जारा र उनकी पत्नी सुभद्राको अवस्था सामान्य रहेको वीरगंज हेल्थकेयरका सञ्चालक डा अबुल हैस अन्सारीले बताए। दुर्घटनामा दुवैजनाको टाउको र ढाडमा चोट लागेको तर अवस्था सामान्य रहेको डा अन्सारीले बताए।

प्रहरीका अनुसार मालवाहक ट्रकको टायर पड्किएर अनियन्त्रित भई कारलाई ठक्कर दिएको र सोबाट बन्जारा दम्पती बसेको कार दुर्घटनाग्रस्त भएर उनीहरू घाइते भएका थिए। ट्रक र चालकलाई इलाका प्रहरी कार्यालय, जीतपुरले नियन्त्रणमा लिएको छ।

## पूर्वराज्यमन्त्री ...

शुरू गरेका छौं।" घटनास्थलमा मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायब महानिरीक्षक यज्ञविनोद पोखरेलसमेतको टोली उपस्थित रहेको जनाइएको छ।





## वीरगंज भन्सारले ...

गरेको वास्तविक मूल्यभन्दा कम रकम देखाउने) माध्यमबाट सामान आयात गर्नुपर्ने बाध्यता रहेको उल्लेख गरे।

सरकारले भारतको वस्तु तथा सेवा कर (जिएसटी)को हाराहारीमा भन्सार महसूल र करको दर तोक्ने हो भने भारतीय खुला सीमानाकाबाट हुँदै आइरहेको अवैध चोरी तस्करी पनि नियन्त्रण गर्न सकिन्थ्यो," अध्यक्ष अग्रवालले भने। सरकारले भारतको तुलनामा जिएसटी कर लगाउँदा सीमा क्षेत्रमा हुने चोरी तस्करी आफैं नियन्त्रणमा आउने उनको भनाइ छ।

अध्यक्ष अग्रवालले सरकार करको दायरा बढाउनेतर्फ केन्द्रित नभएको आरोप लगाए। "सरकारले करको दायरा बढाउने हो। यहाँ करको दर मात्रै बढाएर उद्योगी–व्यवसायीलाई निचोरेर कसरी राजस्व बढ्न सक्छ? उनले प्रश्न गरे। नेपाल–भारतबीचको खुला सीमानाकाको फाइदा उठाउँदै अवैध माध्यमबाट वस्तु तथा सामान भित्रिंदा पनि राज्यले राजस्व गुमाउँदै आइरहेको उनले बताए।

भन्सार विभागले सुक्खा बन्दरगाह कार्यालयलाई आव २०७९/८० मा रु ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो। सो अवधिमा रु ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार अर्थात् ६२ दशमलव ८८ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको जनाइएको छ।


## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी तथा फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुला स्थानमा असुरक्षित तरीकाले राखिएको खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड